# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७६
# Overview of Weekly Media Study Vol. 76


**नेपाल संवाद केन्द्र**

काठमाडौँ, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ असार २१, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनले **२०८३ असार १५ गतेदेखि २१ गतेसम्म**का विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययनमार्फत नेपाली समाजका सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक आयामहरूको समग्र चित्र प्रस्तुत गरेको छ। अध्ययन अवधिमा सञ्चारमाध्यमहरूले राष्ट्रिय हित, सुशासन, विकास, सामाजिक रूपान्तरण, सांस्कृतिक संरक्षण तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित विषयलाई सन्तुलित रूपमा प्राथमिकतामा राखेका छन् ।

सांस्कृतिक तथा धार्मिक क्षेत्रतर्फ पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा संस्कृतिकर्मी श्रेष्ठको नियुक्ति, जोमसोमस्थित शालग्राम शीला, जालपादेवी मन्दिर तथा केबलकार, मौलाकालिका, धार्मिक पर्यटन, पञ्चेबाजाको सीप, हुम्लाको सांस्कृतिक पहिचान, बालकुमारीका सांस्कृतिक भित्तेचित्र तथा असार महिनासँग जोडिएका सांस्कृतिक सामग्रीले विशेष स्थान पाएका छन् । पर्यटनतर्फ विदेशी पर्यटक आगमनमा उल्लेखनीय वृद्धि, मुस्ताङ र शैलुङमा पर्यटक आकर्षण, नमस्ते झरना, पटेक डाँडा, एबीसी पदयात्रा, आरोग्य पर्यटन तथा गुणस्तरीय पर्यटन प्रवर्द्धनसँग सम्बन्धित समाचारले नेपालको पर्यटन क्षेत्रको सम्भावना र चुनौतीलाई उजागर गरेका छन् । साथै, नेपालको हवाई सेवा, पर्यटन कूटनीति तथा अन्तर्राष्ट्रिय परिस्थितिका बीच पनि पर्यटन क्षेत्रमा देखिएको सकारात्मक वृद्धिलाई सञ्चारमाध्यमहरूले प्राथमिकताका साथ प्रस्तुत गरेका छन् ।

अन्तरदेशीय, राजनीतिक, कूटनीतिक तथा सुशासनका विषयहरूमा भारतको सहयोगमा झापामा विद्यालय भवन निर्माण, चिया निर्यात सहज हुनु, लोकतन्त्र, संघीयता, राष्ट्रियता, राजनीतिक एकता तथा संवैधानिक अभ्याससँग सम्बन्धित बहस प्रमुख रूपमा उठाइएका छन् । लोकतान्त्रिक मूल्य, सुशासन, कार्यकारी अधिकारको प्रयोग, न्याय प्रणालीको सुधार, आर्थिक अपराध नियन्त्रण तथा प्रशासनिक उत्तरदायित्वका विषयमा प्रकाशित विश्लेषणहरूले राज्य सञ्चालनका समसामयिक चुनौती र सुधारका सम्भावनालाई उजागर गरेका छन् । शिक्षा तथा ज्ञान-विज्ञानका क्षेत्रमा काठमाडौं विश्वविद्यालयको दीक्षान्त समारोह, विश्वविद्यालय रूपान्तरण, परीक्षामा सुधार, कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग, गुणस्तरीय शिक्षा, विद्यालयस्तरीय सोचमा परिवर्तन तथा विज्ञान मन्त्रालयको आवश्यकता सम्बन्धी विषयले शिक्षा क्षेत्रको सुधार र आधुनिकीकरणप्रति बढ्दो चासो देखाएका छन् । त्यसैगरी विपद् व्यवस्थापन, जडीबुटी संरक्षण, आर्थिक विकासको दीर्घकालीन खाका, प्रविधिमैत्री ट्राफिक व्यवस्थापन, स्थानीय सरकारका उपलब्धि तथा शासकीय सुधारसँग सम्बन्धित सामग्रीले विकास र सुशासनका विविध पक्षलाई उजागर गरेका छन् ।

समग्रमा, यस अवधिमा प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीहरूले नेपालको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक तथा अन्तर्राष्ट्रिय परिवेशलाई सन्तुलित र तथ्यपरक रूपमा प्रस्तुत गरेका छन् । अध्ययनले राष्ट्रिय प्राथमिकता, विकासका अवसर, सुशासन, सांस्कृतिक संरक्षण, पर्यटन प्रवर्द्धन, शिक्षा सुधार तथा लोकतान्त्रिक सुदृढीकरणसँग सम्बन्धित विषयहरूको प्रवृत्ति स्पष्ट रूपमा देखाएको छ । नेपाल संवाद केन्द्रको यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, सञ्चारकर्मी, विद्यार्थी तथा आम पाठकका लागि समसामयिक सूचना, विश्लेषण र नीतिगत सन्दर्भका रूपमा उपयोगी हुने विश्वास गरिएको छ ।

**Date: 2083 Asar 21, Sunday**

## Weekly Media Study Summary – 76

The weekly media monitoring report presented by Nepal Samwad Kendra provides an overview of Nepal's social, cultural, political, diplomatic, educational and economic landscape based on the study of news reports, opinion pieces, analyses and editorials published in various media outlets between **15 Ashar and 21 Ashar 2083** (29 June – 5 July 2026). During the review period, the media gave balanced priority to issues related to national interest, good governance, development, cultural preservation, social transformation, tourism promotion and international relations.

In the cultural and religious sector, major coverage included the appointment of cultural figure Shrestha as Member Secretary of the Pashupati Area Development Trust; religious significance of Shaligram Shila in Jomsom; Jalpa Devi Temple and the cable car project; Maulakalika; religious tourism; the traditional Panchebaja as a source of self-employment; Humla's cultural identity; cultural murals at Balkumari; and articles highlighting the cultural significance of the Ashar season. Tourism-related reports focused on the remarkable increase in foreign tourist arrivals, growing tourist inflow to Mustang and Shailung, destinations such as Namaste Waterfall and Patek Danda, the contribution of the ABC Trek to the local economy, wellness tourism, quality tourism promotion, Nepal's aviation sector, tourism diplomacy and the country's record tourism performance despite international geopolitical tensions.

In the areas of intergovernmental affairs, diplomacy, politics and governance, the media highlighted the foundation stone laying of a school building in Jhapa with Indian assistance, the resumption of uninterrupted tea exports, debates on democracy, federalism, nationalism, political unity and constitutional practices. Editorials and analytical articles also focused on good governance, the exercise of executive authority through ordinances, judicial reform, measures to control economic crimes, administrative accountability and broader governance reforms, reflecting both the challenges and opportunities facing the state. Education and science received significant attention through coverage of Kathmandu University's convocation ceremony, university reform, examination system improvements, the use of Artificial Intelligence (AI) in legal studies, quality education, changing attitudes among school students and discussions on the importance of a dedicated science ministry. Likewise, reports on disaster preparedness, medicinal herb conservation, long-term economic planning, technology-based traffic management, achievements of local government and public sector reform highlighted key aspects of national development and effective governance.

Overall, the news reports, opinion articles, analyses and editorials published during the review period presented a balanced and fact-based picture of Nepal's social, cultural, political, economic and international environment. The study clearly reflects prevailing trends related to national priorities, development opportunities, good governance, cultural preservation, tourism promotion, educational reform and democratic consolidation. Nepal Samwad Kendra believes that this weekly media monitoring report will serve as a useful reference for researchers, policymakers, media professionals, students and the general public seeking reliable information, analysis and policy perspectives on contemporary national issues.

## २०८३ असार १५ गतेदेखि जेठ २१ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा संस्कृतिकर्मी श्रेष्ठ नियुक्त

संस्कृतिकर्मी एवं कवि तीर्थ श्रेष्ठ पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा नियुक्त भएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलको निर्णयले पोखराका श्रेष्ठ बुधबार सदस्य सचिवमा नियुक्त भएका हुन् । पशुपति क्षेत्र विकास कोषको अध्यक्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुने व्यवस्था छ । पोखराको प्रसिद्ध विन्ध्यवासिनी मन्दिर संरक्षण एवं विकासका लागि उनी विगत २५ वर्षदेखि विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिमा रहेर सेवा गरिरहेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574285/culture-worker-shrestha-appointed-as-member-secretary-of-pashupati-area-development-fund**

### धर्म-सेवा-मोक्ष

निजामती सेवामा सेवा अवधि तथा अवकाश उमेरसम्बन्धी बहस केवल प्रशासनिक नियम, वित्तीय योजना वा संस्थागत सुधारको सीमित विषय होइन, यो मानव जीवनको कर्म-यात्रा, राज्यको धर्म, र समाजको न्यायबोधसँग गहिरो रूपमा गाँसिएको दार्शनिक, कानुनी र आध्यात्मिक प्रश्न हो । जब राज्यले आफ्ना सेवकहरूको सेवा समाप्त गर्ने समय निर्धारण गर्छ, तब त्यो केवल कानुनी निर्णय हुँदैन, त्यो जीवनभर गरिएको कर्मको मूल्यांकन, समर्पणको सम्मान र भविष्यको अनिश्चिततासँग जोडिएको भावनात्मक, नैतिक र आध्यात्मिक निर्णय बन्छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/502575/#:~:text**

### जोमसोममा शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै

मुस्ताङको घरपझोङ गाउँपालिका-४, जोमसोमस्थित कालिगण्डकी नदीको तटमा रहेको ढुङ्गामा कुँदिएको विश्वकै ठूलो २२ फिट उचाइको शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै गएको छ । गत वैशाखअघि कालिगण्डकी नदीको छेउमा रहेको विशाल ढुङ्गालाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकारहरूले शालिग्राम शीलाको आकार दिएर मूर्ति निर्माण गरेपछि उक्त स्थान धार्मिक पर्यटकका लागि आकर्षक केन्द्र बन्दै गएको हो । बाँकी... स्रोत : **https://khabarhub.com/2026/30/990815/**

### 'रामायण' बन्यो सन् २०२६ कै बहुप्रतीक्षित भारतीय फिल्म (सूचीसहित)

सन् २०२६ को दोस्रो अर्धवार्षिकका लागि आइएमडीबी को 'मोस्ट एन्टिसिपेटेड इन्डियन मुभिज' सूचीमा निर्देशक नितेश तिवारीको महाकाव्यमा आधारित फिल्म 'रामायण पार्ट १' पहिलो स्थानमा परेको छ । आइएमडीबीले जनवरी १ देखि जुन २८ सम्म आफ्ना मासिक २५ करोडभन्दा बढी भिजिटरले गरेका पृष्ठ अवलोकन (पेज भ्यु) का आधारमा यो २० फिल्मको सूची तयार गरेको हो । सूचीमा सन् २०२६ को दोस्रो अर्धवार्षिकमा हल वा स्ट्रिमिङ प्लेटफर्ममा प्रदर्शन हुने पुष्टि भएका भारतीय फिल्महरू समावेश गरिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1966062/ramayana-becomes-the-most-anticipated-indian-film-of-2026-with-list**

## नवनिर्मित जालपादेवी मन्दिरमा क्षमा पूजा सम्पन्न, केबलकार दुई महिनाभित्रै सञ्चालनमा आउने

मोहन्याल गाउँपालिका-७ राजकाँडास्थित नवनिर्मित जालपादेवी मन्दिरमा विशेष क्षमा पूजाअर्चना गरिएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष तथा जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले शुक्रबार बिहान नवनिर्मित मन्दिरमा आयोजित विशेष धार्मिक अनुष्ठानकाबिच क्षमा पूजाअर्चना गरे । यसका साथसाथै, केबलकारको टप स्टेसन र बटम स्टेसनमा निर्माण हुने भौतिक संरचनाहरू पनि द्रुत गतिमा निर्माण भइरहेको कम्पनीले जनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574756/kshama-puja-completed-at-newly-constructed-jalpa-devi-temple-cable-car-to-be-operational-within-two-months**
**https://www.nayapatrikadaily.com/news-details/199031/2026-07-04**

## गण्डकीको बजेट राजनीति : मन्दिरमा छरपस्ट, व्यक्तिको घर संरक्षणमा पनि

मन्दिर, गुम्बा र आमा समूहका भवनहरू तत्कालै बाहिर आँखाले देखिने र स्थानीय स्तरमा 'सस्तो लोकप्रियता' कमाएर भोट तान्न सजिलो माध्यम भएकाले राजनीतिज्ञहरूले विकास बजेटलाई यसरी छरपस्ट पारेका हुन् । 'भुसाल चोक, सुरेन्द्र भुसालको घर संरक्षण बिहादी-४ पर्वत' का लागि ५ लाख रुपैयाँ विनियोजन गरिएको सरकारले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा उल्लेख छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967750/gandakis-budget-politics-scattered-in-temples-even-in-the-protection-of-peoples-homes**

## मौलाकालिका : आस्था र आरोग्यको सर्ट हाइकिङ

बिहानको ठिक साढे ४ बजे सहर मस्त निद्रामै हुन्छ । तर, गैंडाकोटको फेदीमा रहेका १८८२ वटा ढुङ्गे खुड्किलाहरूमा भने पदयात्रीहरूको पदचाप गुन्जिन सुरु भइसकेको हुन्छ । कुनै समय केवल धार्मिक अनुष्ठान र पूजाआजामा सीमित मौलाकालिकाको यो उकालो, विशेषत: सार्वजनिक बिदाका दिन निकै गुलजार बन्छ । सहरको कोलाहल र व्यस्त दिनचर्याबाट मानसिक स्फूर्ति चाहनेहरूका लागि यो पहाडी थुम्को 'सर्ट हाइकिङ' को रूपमा विकसित भइरहेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/575032/maulakalika-a-short-hike-of-faith-and-health-photos**

## आचार्यको अविरल गीति-यात्रा

तीसको दशकमै चर्चाको शिखरमा पुग्न सफल गीतकार नारायणकुमार आचार्य आजका मितिसम्म पनि गीत सिर्जनामा उत्तिकै क्रियाशील छन्। २०३५ सालमा आचार्यको शब्द, दीपक जंगमको संगीत तथा तारा थापाको स्वरमा रहेको 'हजारचोटि जन्मुँला तिमीलाई पाउन...' बोलको गीत रेकर्ड भई रेडियो नेपालबाट प्रसारण हुन थालेपछि आचार्यको नाम स्थापित गीतकारका रूपमा दर्ज भयो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/199040/2026-07-04**

## आमा ननिदाएको रात

रातको करिब साढे दश बजेको थियो। मोबाइलको स्क्रिनमा 'आमा' लेखिएको देखेँ अनि फोन उठाएँ । उताबाट थाकेको स्वर आयो -'बाबु, यता त असाध्यै गर्मी छ । बत्ती पनि झ्याप्प-झ्याप्प गइरहन्छ । पङ्खा नचलेर निद्रै परेन ।' आमाको यो एउटा साधारण वाक्यले मेरो वर्षौंको पढाइ, इन्जिनियरिङको प्रमाणपत्र र पेसागत गर्वलाई एकै छिनमा मौन बनाइदियो । म काठमाडौंको उज्यालो कोठामा पङ्खाको शीतल हावामा थिएँ तर मेरो मन भने गाउँको त्यो अँध्यारो कोठामा पुगिसकेको थियो, जहाँ मेरी वृद्ध आमा पसिना पुछ्दै बत्ती आउने प्रतीक्षामा रात काटिरहनुभएको थियो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/mother-s-sleepless-night-br-24-17.html**

## गर्मीमा ताजगी र स्वास्थ्य कायम राख्ने सजिला उपायहरू

गर्मी मौसमलाई धेरैजसो मानिसहरूले आफ्नो स्वास्थ्य सुधार गर्ने, जीवनशैली व्यवस्थित गर्ने र नयाँ बानीहरू सुरु गर्ने अवसरको रूपमा प्रयोग गर्छन् । लामो दिन, उज्यालो मौसम र बाहिर घुम्न मिल्ने वातावरणले शरीर र मन दुवैलाई सक्रिय राख्न सहयोग गर्छ । यही कारणले यो समयलाई "स्वस्थ जीवनशैली सुरु गर्ने उत्तम मौसम" पनि भनिन्छ । तल गर्मीमा स्वस्थ र सन्तुलित जीवन बिताउन सकिने केही महत्वपूर्ण अभ्यासहरूलाई अझ विस्तृत रूपमा व्याख्या गरिएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/04/775832/**

## १०० पर्यटकीय गन्तव्यको सूचीमा परेका नमस्ते झरना र पटेक डाँडा सुनसान

कुनैबेला गर्मीयाम सुरु हुनासाथ पूर्वी नेपालका विभिन्न जिल्लासँगै भारतबाट समेत पर्यटकको भीड धनकुटाको नमस्ते झरनामा लाग्ने गरेको थियो । नमस्ते झरनाको चिसो पानीमा रमाउने, प्राकृतिक पोखरीमा पौडी खेल्ने र हरियालीले घेरिएको प्राकृतिक सौन्दर्यमा समय बिताउनेहरुका लागि विशेष गन्तव्य बनेको थियो । त्यस्तै, समुद्री सतहबाट २ हजार ७ सय २ मिटर उचाइमा रहेको पटेक डाँडा सूर्योदय, हिमाल र पहाडी दृश्यावलोकनका लागि पूर्वी नेपालको उत्कृष्ट गन्तव्य रहेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967229/namaste-waterfall-and-patek-hill-which-are-among-the-top-100-tourist-destinations-are-deserted-photos**

## सगरमाथामा पाइला टेक्दा...

सगरमाथा आधार शिविर पुग्नुभन्दा ठीक अगाडिको एउटा समथर ठाउँ । पृष्ठभूमिमा खुम्बुको डरलाग्दो तर मनमोहक दृश्य ! तीनजना विदेशी अनुभवी पदयात्रीहरू एलेक्स (अमेरिका), भावुक स्वभावकी सोफी (फ्रान्स) र शान्त सरल स्वभावकी हिदेकी (जापान) केही बेर विश्रामका लागि रोकिएका छन् । तिनका भरिया पनि केही हलुका भारीसँगै छन् । र, गााइड आफूले जानेको कुरा धाराप्रवाह बताइरहेका छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/574893/when-you-step-on-mount-everest**

## साउनदेखि शैलुङ घुम्न आउने पर्यटकबाट ५० रुपैयाँ प्रवेश शुल्क

दोलखाको प्रसिद्ध पर्यटकीय गन्तव्य शैलुङ भ्रमण गर्न आउने पर्यटकले आगामी साउन १ गतेदेखि प्रवेश शुल्क तिर्नुपर्ने भएको छ । शैलुङ गाउँपालिकाले बुधबार सार्वजनिक सूचना जारी गर्दै शैलुङ ग्रेटवाल हुँदै शैलुङ क्षेत्रमा प्रवेश गर्ने पर्यटकबाट प्रतिव्यक्ति ५० रुपैयाँ प्रवेश शुल्क लिने निर्णय गरेको जनाएको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सञ्जीव न्यौपानेका अनुसार शैलुङ गाउँपालिकाको आर्थिक ऐन-२०८३ बमोजिम साउन १ गतेदेखि शुल्क संकलन सुरु गरिनेछ । बाँकी...

स्रोत : **https://www.edainikkhabar.com/detail/2509**

## छ महिनामै ६ लाख २० हजार विदेशी पर्यटक नेपालमा, आगमन ७.४ प्रतिशतले बढ्यो

नेपालमा विदेशी पर्यटकको आगमन निरन्तर बढिरहेको छ । नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२६ को जनवरीदेखि जुनसम्म छ लाख २० हजार ४५३ विदेशी पर्यटक नेपाल आएका छन् । यो संख्या गत वर्षको सोही अवधिको पाँच लाख ७७ हजार ६८९ पर्यटकको तुलनामा करिब ७.४ प्रतिशतले बढी हो । बोर्डका अनुसार अन्तरराष्ट्रिय हवाई उडान विस्तार, नेपालप्रतिको बढ्दो आकर्षण तथा पर्यटन गतिविधिमा आएको सुधारका कारण पर्यटक आगमनमा वृद्धि भएको हो । बाँकी...

स्रोत : **https://nepalartha.com/posts/57621**

## एक महिनामा ८० हजार विदेशी पर्यटक मुस्ताङ भित्रिए

सन् २०२६ को जुन महिनामा ८० हजार २५३ विदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ९एक्याप० जोमसोमका अनुसार सन् २०२६ को जुन महिनामा ७८ हजार ६७० जना सार्क राष्ट्रबाट र एक हजार ५८३ जना अन्य राष्ट्रका पर्यटक मुस्ताङ भ्रमणमा आएका हुन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212722**

## हुम्लाको संस्कृति झल्काउन 'रातो टालो'

हुम्लामा रहेको संस्कृतिलाई समाजमा देखाउनका लागि अन्तरजातीय प्रेम कथामा आधारित 'रातो टालो' भिडियोको पोष्टर सार्वजनिक भएको छ । पचास वर्ष अगाडि फस्टाएको अन्तरजातीय प्रेम कथामा आधारित भिडियोको पोस्टर सार्वजनिक भएको हो । अहिले पनि प्रेममा भिन्न र फरक धारणा राख्ने हुम्लाको सामाजिक मान्यतालाई बाहिर ल्याउन यो भिडियो तयार गरिएको हो । नितान्तरुपमा अन्तरजातीय विवाहलाई स्वीकार गर्न नसक्ने हुम्लाको सामाजिक मान्यतालाई भिडियोले जस्ताको तस्तै उतार्ने प्रयास गरेको छ । बाँकी... स्रोत : **https://nepalbot.com/detail/2268**

## बालकुमारीमा धार्मिक तथा सांस्कृतिक विषयवस्तुलाई समेटिएको भित्तेचित्र, तस्बिरहरू

नेपाली कला, संस्कृति तथा धार्मिक सम्पदाप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले पाल्पासा आर्ट ग्यालरीले बालकुमारीमा धार्मिक तथा सांस्कृतिक विषयवस्तुलाई समेटिएको भित्तेचित्र निर्माण गरेको छ । उक्त चित्रमार्फत नेपालका विविध धार्मिक आस्था, सांस्कृतिक परम्परा, मौलिक जीवनशैली तथा सामाजिक सहअस्तित्वलाई कलात्मक रूपमा अभिव्यक्त गरिएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574341/murals-and-photographs-depicting-religious-and-cultural-themes-in-balkumari**

## पञ्चेबाजाको सीप स्वरोजगारको आधार

लमजुङमा मौलिक संस्कृतिको जगेर्ना गर्दै पञ्चेबाजाको सीप सिकेर स्वरोजगार बनौं भन्ने उद्देश्यका साथ पञ्चेबाजा तालिम सम्पन्न भएको छ । हालै भएको सो तालिममा बेसीशहर नगरपालिका-२ स्थित जनजागृति दलित एकता समाजका एक महिलासहित १२ जनाको सहभागिता रहेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/30/775472/**

## 'असारै मासको रिमझिम पानी, हिलोमा हरायो हाम्रो त जवानी'

लोकभाकाका यी हरफहरूलाई चरितार्थ गर्दै तारकेश्वर नगरपालिका वडा नम्बर ३ स्थित जितपुरफेदीका खेतका गराहरू यतिबेला बेहुलीझैं सजिएका छन् । आकाशबाट झरेको झरी र खेतको हिलोलाई नै सौभाग्य सम्झँदै किसान मानो रोपेर मुरी उब्जाउने महान् अभियानमा होमिएका छन् । जितपुरफेदीमा देखिएको यो रोपाइँ सामान्य खेतीपाती मात्र थिएन, यो त एउटा भव्य सांस्कृतिक उत्सव जस्तो देखिन्थ्यो । परम्परागत रातो बुट्टे चोली र कालो गुन्यूमा सजिएका रोपारहरूको टोलीले जब खेतका गरामा धानका बिरुवा गाँज्न थाले, तब वातावरण नै सङ्गीतमय बन्यो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/573735/the-drizzling-rain-of-the-month-of-asarai-our-youth-was-lost-in-the-mud-photos**

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/198676/2026-06-29**

स्रोत : **https://gorkhapatraonline.com/news/212152**

स्रोत : **https://gorkhapatraonline.com/news/212116**

स्रोत : **https://gorkhapatraonline.com/news/212108**

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965286/national-rice-day-fertilizer-from-drones-planting-with-machines-photos,** :

स्रोत : **https://ekantipur.com/opinion/2026/06/29/agricultural-journey-from-ali-to-thali-42-00.html,** स्रोत : **https://ekantipur.com/business/2026/06/25/paddy-planting-slow-across-the-country-only-997-percent-as-of-ashar-8-31-05.html,**

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965766/115-farmers-raising-bullocks-to-receive-rs-5000,** स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966487/a-crowd-gathered-in-sungnam-tehrathum-photos,** स्रोत : **https://ehimalayatimes.com/2022/06/19226/**

स्रोत : **https://ghatanarabichar.com/356423**

## पर्यटनको जग नेवानि

विज्ञानको विकासले क्रमशः फड्को मार्दै जाँदा विकासको अग्रगति सँगसँगै विश्वले नयाँ नयाँ यन्त्र र उपकरण देख्न थाल्यो । त्यस्ता यन्त्रहरूमध्ये एउटा आश्चर्यजनक यन्त्र वायुयान थियो । वायुयानको प्रारम्भ भएपछि नै विश्वमा हवाई यातायातको विकास हुन थालेको हो । वायुयानले गर्ने उडान सेवालाई वायुसेवा भनियो । सन् १९९० को दशकदेखि हवाई यात्रुको सङ्ख्या विश्वमा नै बढिरहेको छ । हवाई यात्राको प्रतशित लगातार बढिरहे झैँ सडक यात्राको प्रतिशत चाहिँ लगातार घटिरहेछ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/212508**

## गुणस्तरीय पर्यटक र पर्यटन कूटनीति

नेपाल वायु सेवा निगमको वर्ष दिनभित्र दुईओटा वाइड बडीका जहाज किन्ने निर्णयले पर्यटन व्यवसायी निकै उत्साहित भएका छन् । राष्ट्रको आर्थिक मेरूदण्ड पर्यटन हो भने पर्यटनको मेरूदण्ड हवाई जहाज हो । विदेशी हवाई जहाजले पर्यटक नबोक्ने होइन, तर स्वदेशी जहाजले सस्तोमा पर्यटक ल्याउँछ । ट्रान्जिटहरूमा अलमल नहुने भएकाले थोरै बसाइका पर्यटक नेपाल ल्याउन स्वदेशी जहाज नै उत्तम उपाय हो । यसले निगमको अवस्था त सुध्रन्छ नै, नेपालको पर्यटनका निमित्त ठूलै सहयोग पुऱ्याउँछ । खास गरी यूरोपमा उडान गर्ने हो भने गुणस्तरीय पर्यटकको हाम्रो चाहना पूरा गर्न सहज हुने देखिन्छ । बाँकी... स्रोत : **https://www.abhiyandaily.com/news/85378/gunnstriiy-pryttk-r-pryttn-kuuttniiti/**

## एबीसी पदयात्राले उकासेको स्थानीय अर्थतन्त्र

विश्वभरका पदयात्रीको 'सपनाको गन्तव्य' मानिने अन्नपूर्ण आधारशिविर (एबीसी) पछिल्लो समय आन्तरिक पर्यटकको पनि पहिलो रोजाइ बन्न थालेको छ। पर्यटकको बढ्दो चापले स्थानीय अर्थतन्त्रलाई चलायमान त बनाएको छ; तर सडक विस्तार, वातावरणीय प्रदूषण र पदमार्गको मौलिकता मासिने चिन्ता पनि सँगसँगै थपिएको छ । अन्नपूर्ण आधारशिविर (एबीसी) विश्वभरका अधिकांश पदयात्रीको सपनाको शिखर बन्दै गएको छ । हिमालको काखमा बसेर सूर्योदयसँगै अन्नपूर्ण हिमशृङ्खलाको भव्यता नियाल्ने अभिलाषाले हरेक वर्ष हजारौं पर्यटकलाई यहाँ तानिरहेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1963925/abc-hike-boosts-local-economy**

## जुन महिनामा आए ९१ हजार ३६३ पर्यटक, आगमन १९.५ प्रतिशत बढ्यो

सन् २०२६ को जुन महिनामा ९१ हजार ३६३ विदेशी पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्ड (एनटीबी) ले सार्वजनिक गरेको अध्यागमन विभागको तथ्यांकअनुसार जुनमा हवाईमार्गबाट आउने पर्यटक गत वर्षको तुलनामा १९.५ प्रतिशत वृद्धि देखिएको हो। गत वर्षको यसै महिनामा ७६ हजार ४२५ जनाले नेपाल भ्रमण गरेका थिए। त्यसैगरी कोभिड-१९ महामारीअघि सर्वाधिक पर्यटन गतिविधि रहेको वर्ष सन् २०१९ को जुन महिनामा ७४ हजार ८८३ आगमन भएको थियो । त्यसको आधारमा पनि यस वर्षको जुन महिनामा २२.०१ प्रतिशतले पर्यटक संख्या वृद्धि भएको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967347/91363-tourists-arrived-in-june-an-increase-of-19-5-percent**

## पर्यटन बजेट र पूर्वाधार विकासबारे मन्त्री पौडेलले गरे निजी क्षेत्रसँग छलफल

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल 'गनेस' ले नेपालको पर्यटन क्षेत्रका विद्यमान समस्या समाधान गर्दै यो क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल पर्यटन बोर्ड (एनटीबी)को आयोजनामा शनिबार नेपालगन्जमा आयोजित 'पर्यटन क्षेत्रका सरोकारवालासँग संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अन्तर्क्रिया' मा मन्त्री पौडेलले पर्यटन क्षेत्रका जायज माग र आवश्यक कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता व्यक्त गरे । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1964857/minister-poudel-discusses-tourism-budget-and-infrastructure-development-with-private-sector**

## नेपालको हवाई उद्योगको क्षेत्रमा सरकार आफैँले केही गरिहाल्न सक्ने अवस्था छैन : पर्यटनमन्त्री पौडेल

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नेपालको हवाई उद्योगको क्षेत्रमा सरकारले तत्काल केही गर्नसक्ने अवस्था नभएको बताउनुभएको छ। सोमबार मन्त्रालयमा आयोजित नेपाली हवाई उद्योगको आर्थिक स्थायित्व र सुरक्षा सम्बन्धी संवाद कार्यक्रममा बोल्दै उहाँले नेपालको हवाई क्षेत्रमा सरकार आफैँले लगानी गरेर अघि बढाउन सक्ने अवस्था नरहेको स्पष्ट पार्नुभएको हो । मन्त्री पौडेलले नेपालको हवाई उद्योगलाई सुदृढ नगरी मुलुकको उन्नयन सम्भव नहुने भएकाले सरकारले त्यस क्षेत्रको विकासका लागि सम्बन्धित पक्षसँगको बहसलाई केन्द्रित गरेर अघि बढ्ने योजना बनाएको पनि बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212188**

## चन्द्रागिरि-थानकोट एक फन्को लगाउँदा

नेपाल पर्यटन विकास व्यवसायी संघ र चन्द्रागिरि नगरपालिका- ४ को संयुक्त आयोजनामा 'प्राचीन व्यापारिक मार्ग तथा प्रमुख सम्पदाको अवलोकन एवं प्रवर्द्धन कार्यक्रम' सम्पन्न भएको छ। गत शनिबार कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रमले चन्द्रागिरि-थानकोट क्षेत्रको ऐतिहासिक व्यापारिक मार्ग, धार्मिक सम्पदा, प्राकृतिक पदमार्ग तथा स्थानीय संस्कृतिको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासका सम्भावनालाई उजागर गरेको छ। कार्यक्रममा नेपाल पर्यटन बोर्ड, हनुमानढोका दरबार सङ्ग्रहालयसहित पर्यटनसँग सम्बन्धित विभिन्न संघ-संस्था, पर्यटन व्यवसायी, अनुसन्धानकर्ता, सञ्चारकर्मी आदिको सहभागिता रहेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1966096/chandragiri-thankot-focused-sightseeing-tour**

## आरोग्य पर्यटनका लागि म्याग्दीको भंकासे

पहाडको उच्च स्थानमा समथर टापु। चारैतिरको भिरालो पाखामा घना जङ्गल। बस्तीदेखि टाढा र एकान्त र शान्त वातावरण। पृष्ठभूमिमा देखिने अग्ला पहाड र हिमशृङ्खलाहरु । चराचुरुङ्गीहरुको चिरचिर आवाज । यो ठाउँ हो म्याग्दीको बेनी नगरपालिका-१० पात्लेखेतमा रहेको भंकासे । यो ठाउँ परापूर्वकालमा ऋषिमुनिहरुले तपस्या गरेर ज्ञान आर्जन गरेको धार्मिक र पर्यटकीय ठाउँ हो। प्राकृतिक हिसाबले सुन्दर, मनमोहक र धार्मिकरुपमा महत्वपूर्ण मानिएको भंकासे पूर्वाधार, प्रचारप्रसार र पर्यटकको पर्खाइमा छ। बाँकी... स्रोत : **https://khabarhub.com/2026/29/990406/**

## त्रिवेणीमा कालिकोट र बाजुरा दुवैको दाबी

प्रधानमन्त्री हुनुअघि बालेन शाहले चुनावी अभियानका क्रममा सुदूरपश्चिमको धनगढीमा आयोजित सभालाई सम्बोधन गर्ने क्रममा भनेका थिए, 'मान्छेले देशलाई स्विट्जरल्याण्ड बनाउनुपर्छ भछन् । स्विजरल्याण्डको बाउ बडीमालिका यहीं छ किन बनाउनु पऱ्यो स्विजरल्याण्ड ? शाहले स्विजरल्याण्डको बाउ भनेको बडीमालिका मन्दिर पुग्नुअघि त्रिवेणी पाटन आउँछ । त्रिवेणीमा स्नान गरेर मात्रै बडीमालिकाको दर्शन गर्न जाने चलन छ। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/both-kalikot-and-bajura-claim-triveni-br-83-12.html**

## इरान-अमेरिका तनावबीच पनि नेपालको पर्यटनमा ऐतिहासिक रेकर्ड

हिमालपारिको जिल्ला मुस्ताङ, जहाँ आँखैअगाडि उभिएका हिमालले कहिले चाँदी त कहिले सुनको मुकुट पहिरिन्छन्। पृष्ठभूमिमा सुसाउँदै बगिरहेको पवित्र कालीगण्डकीछेवैको जोमसोम बजारमा हिजोआज बेग्लै चहलपहल छ। यो चहलपहल कुनै उत्सवको होइन, पर्यटकहरूको हो। २६ जेठमा मुस्ताङका लागि एउटा विशेष दिन भयो। त्यस दिन ३ हजार ८ सय ८ जना पर्यटकले मुस्ताङको माटोमा टेकेको जोमसोमस्थित राष्ट्रिय प्रकृति संरक्षण कोष (एक्याप) को इलाका संरक्षण कार्यालयका प्रमुख राजेशप्रसाद गुप्ता बताउँछन्। तिनीहरूमध्ये २ सय ५० जना युरोपेली थिए। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/02/nepals-changing-tourism-market-27-58.html**

## अर्थतन्त्रमा आन्तरिक पर्यटनको योगदान २.६५ प्रतिशत, वार्षिक साढे चार खर्ब खर्च

राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालको इतिहासमै पहिलो पटक राष्ट्रिय स्तरको विस्तृत 'आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२' सार्वजनिक गरेको छ। नेपालमा आन्तरिक पर्यटनको वास्तविक अवस्था, नागरिकको खर्च गर्ने ढाँचा र देशको अर्थतन्त्रमा यस क्षेत्रको योगदान मापन गर्ने उद्देश्यले यो सर्वेक्षण गरिएको हो। पर्यटन स्याटलाइट लेखाको अन्तर्राष्ट्रिय अवधारणामा आधारित यस सर्वेक्षणले आन्तरिक तथा बाह्य (आउटबाउन्ड) पर्यटनका विविध आयामहरूलाई समेटेको छ। बाँकी...

स्रोत : **https://hamrakura.com/news-details/216217/2026-07-02**

## भारतको सहयोगमा झापामा निर्माण हुने विद्यालय भवनको शिलान्यास

भारत सरकारको आर्थिक सहयोगमा झापाको शिवसताक्षी नगरपालिका-६ स्थित श्री जन आदर्श माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि बुधवार शिलान्यास गरिएको छ। विद्यालय भवनको संयुक्त रूपमा कोसी प्रदेश सभा सदस्य राधाकृष्ण खनाल, शिवसताक्षी नगरपालिकाका मेयर मेगाहाङ्ग थोप्रा तथा काठमाडौँस्थित भारतीय राजदूतावासकी द्वितीय सचिव गरिमा नौटियालले शिलान्यास गर्नुभएको हो। बाँकी... स्रोत : **https://nepaltvonline.com/2026/07/182316/**

## २ महिनाको रस्साकस्सीपछि चिया निर्यात निर्वाध

विगत दुई महिनादेखि विभिन्न प्रशासनिक तथा प्राविधिक अड्चनका कारण ठप्प प्रायः बनेको नेपाली चियाको भारततर्फको निर्यात पुनः सुचारु भएको छ। नेपाल र भारतबिचको सीमावर्ती नाका काँकडभिट्टा हुँदै नेपाली चियाका ट्रकहरू भारतीय बजारका लागि प्रस्थान गर्न थालेका हुन्। मेची भन्सार कार्यालयका अनुसार मंगलबार इलाम टी र समर भ्यालीका चिया बोकेका दुई वटा ट्रक भारततर्फ प्रस्थान गरेसँगै लामो समयदेखि जारी गतिरोधमा ब्रेक लागेको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574326/tea-exports-unhindered-after-2-months-of-wrangling**

## भारतको सहयोगमा पाँचथरमा शैक्षिक सामग्री वितरण

शिक्षाको पहुँचलाई अझ सुदृढ बनाउने उद्देश्यसहित पाँचथरको फिदिममा आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीहरूलाई लक्षित गर्दै शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ । सेवा र विकासका लागि युवा को आयोजना एवं प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको समन्वयमा फिदिम नगरपालिका-५, चोकमागुस्थित श्री सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री प्रदान गरिएको हो । बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14290**

## भारतीय सहयोगमा त्रिवेणीका गुरुकुलमा सामग्री वितरण

सेवा र विकासका लागि युवा को आयोजनामा पूर्वी नवलपरासीको त्रिवेणीस्थित श्री गजेन्द्रमोक्ष वेद-वेदाङ्ग संस्कृत गुरुकुलम मा अध्ययनरत बटुकलाई शैक्षिक सामग्री वितरण गरिएको छ। सेवा र विकासका लागि युवा को आयोजना, प्राज्ञिक विद्यार्थी परिषद् नेपालको समन्वय र भारतीय जनता र भारत सरकारको सहयोगमा पूर्वी नवलपरासीको त्रिवेणीस्थित श्री गजेन्द्र मोक्ष दिव्य धाममा आयोजित कार्यक्रममा गजेन्द्रमोक्ष धामका प्रमुख स्वामी श्री कृष्णप्रपन्न गौतमज्यू, नेपाल प्रथम राष्ट्रिय अभियानका राष्ट्रिय संयोजक तथा सेवा र विकासका लागि युवाका संरक्षक श्री नारायण प्रसाद ढकाल, त्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री घनश्याम गिरी, सेवा र विकासका लागि युवाका सदस्य श्री सुभेन्द्र प्रसाद यादव, समाजसेवी तथा धार्मिक व्यक्तित्व श्रीमती विमला न्यौपाने तथा संस्थाका अन्तर्राष्ट्रिय सदस्य श्री रङ्गनाथ ढकाल, त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम क्षेत्र विकासका कार्यकारी निर्देशक झपेन्द्र भुसाल लगायतको विशेष उपस्थिति रहेको थियो । बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14303**

## आरोग्य पर्यटकको हिस्सा बढाइने

सरकारले सन् २०३० सम्ममा कुल अन्तर्राष्ट्रिय पर्यटक आगमनमा आरोग्य पर्यटकको हिस्सा ११ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गर्न शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाललाई आरोग्य पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यसहित उक्त लक्ष्य अघि सारिएको बताउनुभयो। बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14302**

## लोकतन्त्र सुरक्षित छ ?

यतिबेला विश्व फुटबलमय छ । कुन देश 'विश्व च्याम्पियन' बन्ला? के-कस्ता 'बन्लान चासो छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले राष्ट्रिय फुटबल संघ (एन्फा) माथि सन् १९७० को सम्बन्धनपछि पहिलो पटक २४ जुनदेखिको अनिश्चितकालीन प्रतिबन्ध लगाएको चर्चामा छैन । सरकारी निकाय राष्ट्रिय खेलकुद परिषद्को ठाडो हस्तक्षेपबाट उत्पन्न परिस्थिति हो यो । यसबाट नेपाली खेलाडी र पदाधिकारी प्रतियोगिता, गोष्ठी, तालिम, आर्थिक सहयोगलगायत अन्तर्राष्ट्रिय अवसरबाट वञ्चित रहनेछन्। फुटबल खेलमा यो गम्भीर क्षति हो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/is-democracy-safe-br-30-37.html**

## रास्वपाको प्रस्तावले संघीयता र लोकतन्त्रमाथि खतरा : मधेशकेन्द्रित दल

रास्वपाले चितवन महाधिवेशनमा प्रदेशसभा खारेज गर्ने बहस अघि सारेपछि मधेशकेन्द्रित दलहरू अहमति राखेका छन् । उनीहरूले औपचारिक रूपमै राष्ट्रिय स्वतन्त्र पार्टी र सरकारको धारणा माग गरेका छन् । संघीयताका लागि मधेश तराईमा ठूला आन्दोलन गरेका दलहरूले आपत्ति जनाउँदै रास्वपाको त्यो प्रस्ताव स्थगित गर्न आग्रह गरेका छन् । सरकारले प्रदेशसभा खारेजीको प्रस्ताव औपचारिक रूपमा अघि बढाए प्रतिवाद गर्ने उनीहरूको भनाइ छ । जनता समाजवादी पार्टी,नेपाल, जनमत, नागरिक उन्मुक्ति पार्टीले सैद्धान्तिक रूपमा प्रदेशहरूको पुनर्संरचना गर्ने विषयमा सहमति जनाए पनि प्रदेशसभा खारेजले संघीयता नै कमजोर बनाउने बताएका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/02/madhesh-centric-party-prepares-to-seek-governments-opinion-on-provincial-assembly-dissolution-proposal-26-29.html**

## लोकतन्त्रका ऋषि : गिरिजाबाबु

नेपालको राजनीतिक इतिहास कुनै सरल रेखा होइन, यो उतारचढाव, सङ्घर्ष, रक्तरञ्जित आन्दोलन, सम्झौता र रूपान्तरणले भरिएको जटिल तर अर्थपूर्ण यात्रा हो । यस यात्राको केन्द्रमा कहिले संस्थाहरू, कहिले विचारधाराहरू र कहिले केही यस्ता व्यक्तित्वहरू उभिन्छन्, जसले समयलाई मात्र होइन, राज्यको आधारभूत संरचनालाई नै पुनर्परिभाषित गर्छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574344/sage-of-democracy-girijababu**

## लोकतन्त्र र राष्ट्रियता जोगाउन कांग्रेसभित्र पूर्ण एकताको विकल्प छैन : नैनसिंह महर

नेपाली कांग्रेसका नेता नैनसिंह महरले लोकतन्त्र, संविधान र राष्ट्रियताको संरक्षणका लागि नेपाली कांग्रेसभित्र पूर्ण एकता कायम गर्नुको विकल्प नरहेको बताएका छन् । कांग्रेसका भातृसंस्था नेताहरु संग वानेश्वरमा भएक बिशेष छलफल कनर्यक्रममा नेता महरले नेपाली कांग्रेसभित्र बढ्दो गुटबन्दी र आन्तरिक विवादप्रति चिन्ता व्यक्त गर्दै पार्टीभित्र संवाद, सहमति र आपसी विश्वासको वातावरण निर्माण गर्न सबै पक्षलाई आग्रह गरेका हुन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/574660/there-is-no-alternative-to-complete-unity-within-the-nepali-congress-to-protect-democracy-and-nationality-nainsingh-mahar**

## बालेन सरकारका १०० दिने उपलब्धि सार्वजनिक शनिबार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन शाह नेतृत्वको सरकारले सय दिने उपलब्धि शनिबार सार्वजनिक गर्ने भएको छ । प्रधानमन्त्री शाहको सचिवालयका अनुसार सरकारले गरेका कामहरूको समीक्षासहित सय दिनमा भएका उपलब्धिहरूको सुची सार्वजनिक गर्ने तयारी भइरहेको छ । 'सरकार गठन भएको असार २० गते शनिबार १०० दिन पुग्छ । त्यही दिन सरकारका कार्यप्रगतिहरु सार्वजनिक गर्ने तयारी भइरहेको छ', प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले भनिन्, 'मिति तय भएपनि समय बेलुकासम्म तय हुन्छ ।' बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574609/balen-governments-100-day-achievements-made-public-on-saturday**

## केयुको ३१ औं दीक्षान्त (दोस्रो चरण) सम्पन्न, १ हजार ५ सय २७ विद्यार्थी दीक्षित

काठमाडौं विश्वविद्यालय (केयु)को ३१औँ दीक्षान्त समारोह (दोस्रो चरण) शुक्रबार सम्पन्न भएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री तथा विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा आयोजित समारोहमा विभिन्न संकायका १ हजार ५ सय २७ जना विद्यार्थी दीक्षित भएका छन् । दीक्षितमध्ये २१ जना विद्यावारिधि (PhD÷DM÷MCh), ९३ जना एमफिल तथा अनुसन्धानमूलक स्नातकोत्तर, २७९ जना स्नातकोत्तर, २ जना पीजीडीई र १ हजार १ सय ३२ जना स्नातक तहका विद्यार्थी रहेका छन् । संकायगत रूपमा स्कुल अफ मेडिकल साइन्सेजबाट सबैभन्दा धेरै ५ सय ४ जना विद्यार्थी दीक्षित भएका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/bagmati-pradesh/2026/07/03/kus-31st-convocation-second-phase-completed-1527-students-graduated-42-58.html**

## अब अदालती अध्ययनमा एआई, फैसला लेख्न भने नपाइने

अब अदालतमा पनि कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग हुने भएको छ। सर्वोच्चको 'फुलकोर्ट' ले बिहीबार 'न्यायपालिकाको सूचना तथा सञ्चार प्रविधि नीति, २०८३' पारित गर्दै एआई प्रयोगको बाटो खुलाएको हो। मस्यौदा लेखन, अध्ययन-अनुसन्धानमा सहयोग पुग्ने गरी एआईमा आधारित प्रणाली प्रयोग बढाइने नीतिमा उल्लेख छ। न्यायिक निर्णयमा दखल पुग्ने गरी भने एआईको प्रयोग गर्न नपाइने उल्लेख छ। बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/07/03/ai-will-now-be-used-in-court-studies-but-not-in-writing-verdicts-21-43.html**

## विद्यालयका छात्रहरुको सोचाइमा परिवर्तन

ललितपुरको लूभूस्थित महालक्ष्मी माध्यमिक विद्यालयमा पहिले छात्र (केटा)हरू महिनावारीका विषयमा कुरा गर्न लजाउँथेँ । अहिले उनीहरू महिनावारीलाई प्राकृतिक प्रक्रिया हो भनेर बुझाउन सक्ने भएका छन् । विद्यालयमा 'वि मेन क्लब' गठन भएपछि उनीहरुको सोचाइमा परिवर्तन आएको छ । विद्यालयका कक्षा ८ का फैजान मन्सुरीले क्लबका कारण घरभित्रको जिम्मेवारीप्रतिको आफ्नो सोच पनि परिवर्तन भएको बताउनुभयो । "पहिले घरको काम छोरीले मात्रै गर्नपर्छ भन्ने लाग्थ्यो । अहिले छोराछोरी दुवैले बराबरी काम गर्नुपर्छ भन्ने लाग्छ", मन्सुरीले भन्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212740**

## पूर्वी नेपालमा विपद् प्रतिकार्यमा सेनाको तयारी पूरा

नेपाली सेनाको पूर्वी पृतना र कोशी प्रदेशका १४ जिल्लामा तैनाथ सेनाका युनिटले छैटौँ संस्करणको 'अभ्यास मनसुन' सम्पन गरेका छन् । विपद् प्रतिकार्य तयारीका लागि कोशीमा मनसुनजन्य बाढी, पहिरो, डुबान, आगलागी, सवारी दुर्घटना तथा अन्य विपद्लाई लक्षित गर्दै सम्पूर्ण सुरक्षा निकायसँग समन्वय गरी उच्च सतर्कतासहित आवश्यक तयारी गरिएको पूर्वीपृतनापति एवं नेपाली सेनाका उपरथी गौरवकुमार केसीले जानकारी दिनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212747**

## रितिँदै जडीबुटी, मुस्किल बन्दै जीविका

सदरमुकाम चैनपुर बजार भएर बग्ने बाहुलीगाड खोला किनारमा खुलामञ्चको झोलुंगे पुलदेखि चौडको पक्की पुलसम्म दिनहुँ महिला र बालबालिकाको ताँती देखिन्छ । खोला किनारको झण्डै डेढ किलोमिटर वारपार उनीहरु एकतमासले गिट्टी कुटिरहेका हुन्छन् । यही हुलमा छिन्, सूर्मा गाउँपालिका-४ थकुन्नाडाकी ६२ वर्षीया जुनकिडी बोहरा । रोगले ग्रस्त उनको बुढ्यौली शरीरले घन चलाउन सक्दैन । ठूला ढुंगा फुटाउन नसके पनि उनी खोलाले बगाएका सानासाना लोहोरा (ढुंगा) डोकोमा भर्छिन् । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/06/29/herb-reserves-are-dwindling-making-livelihoods-difficult-22-30.html**

## एक सय खर्बको अर्थतन्त्रको खाका बन्दै

अर्थतन्त्रको पुनरुत्थानका लागि सरकारले अवलम्बन गरेका उपायको सकारात्मक परिणाम देखा पर्न थालेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकार गठन भएको एक सय दिनमा राजस्व सङ्कलनमा भएको सुधार तथा अर्थतन्त्रको समग्र स्वरूपमा आशातीत परिवर्तन देखा परेको छ । निजी क्षेत्रमा विश्वास, लगानीमा विस्तार तथा दातृ निकायको विश्वासमा समेत बढोत्तरी भएको छ । सरकारले लगानीमैत्री वातावरण निर्माण गरेको छ । निजी क्षेत्रको माग अनुसार नै एक दर्जनभन्दा बढी पुराना र अव्यावहारिक कानुनको खारेजी प्रक्रिया अगाडि बढाएको छ । अव्यावहारिक र अनावश्यक कार्यालयलाई खारेज गर्ने तथा कर कानुनमा सुधार गर्ने जस्ता कामका कारण थप विश्वास वृद्धि भएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212658**

## उद्घाटन-शिलान्यास बन्द, सिंहदरबारमा छैन कार्यकर्ताको झुन्ड

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले पहिलो १०० दिनमै केही प्रशासनिक सुधार र फरक कार्यशैली देखाइरहेको छ । परम्परागत राजनीतिक अभ्यासमा प्रधानमन्त्री तथा मन्त्रीहरू उद्घाटन, शिलान्यास, रिबन काट्ने, खादा-माला ग्रहण गर्ने र औपचारिक समारोहमा सहभागी हुने दृश्य सामान्य मानिन्थ्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967592/inauguration-foundation-laying-ceremony-closed-no-group-of-activists-at-singha-durbar**

## बजेट नल्याउने स्थानीय तहलाई सामान्य प्रशासन मन्त्रालयको स्पष्टीकरण

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तोकिएको समयभित्र सभामा पेस नगरेका २३ वटा स्थानीय तहसँग स्पष्टीकरण मागेको छ । मन्त्रालयले पत्रमार्फत बुधबार विभिन्न गाउँपालिका र नगरपालिकालाई तीन दिनभित्र बजेट तर्जुमा प्रक्रियाको अवस्था र ढिलाइको कारण स्पष्ट पारेर विवरण पठाउन निर्देशन दिएको हो । बाँकी... स्रोत : **https://www.karobardaily.com/news/390032**

## हुम्ला-बाजुरा सीमा विवाद : कारण, इतिहास र समाधानका उपाय

नेपालका विभिन्न जिल्लाहरूबीच समय-समयमा सीमासम्बन्धी विवादहरू देखिने गरेका छन् । यस्ता विवादहरू केवल भूगोलसँग मात्र सम्बन्धित हुँदैनन्, बरु स्थानीय समुदायको इतिहास, परम्परागत भोगचलन, प्राकृतिक स्रोतको प्रयोग, स्थानीय प्रशासनिक अधिकार तथा विकासका अवसरहरूसँग पनि गाँसिएर आएका देखिन्छन् । बाजुरा र हुम्ला जिल्लाबीच देखिएको सीमा विवाद पनि यतिखेर चर्कोरुपमा उठिरहेको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/21/774107/**

## इन्टरनेट समस्याले रोकियो संसद् बैठकको प्रत्यक्ष प्रसारण

प्रतिनिधिसभाको आजको बैठकमा समसामयिक विषयमा सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकमा अहिले विशेष समय सञ्चालन भइरहेको छ भने सदस्यहरूले बोल्ने क्रम जारी रहेको छ । संसद् सचिवालयको इन्टरनेट सेवा प्राविधिक कारणले प्रभावित हुँदा बैठकको प्रत्यक्ष प्रसारण भने हाल अवरुद्ध रहेको छ । सचिवालयका सहसचिव दशरथ धमलाले मर्मत कार्य भइरहेकाले चाँडै प्रत्यक्ष प्रसारण सञ्चालन हुने जानकारी दिए । बैठकमा सभामुख डोलप्रसाद (डीपी) अर्यालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनने कार्यसूची रहेको छ । बाँकी... स्रोत : **https://lokantar.com/story/323373/2026/7/2/main-news/samsad-**

## सुरक्षा र सुशासनको जग बसालिँदै

मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन र बेथितिको अन्त्य गरी सुशासन कायम गर्ने, आन्तरिक र बाह्य सुरक्षा मजबुत बनाउने तथा राष्ट्रिय प्रतिरक्षा प्रणालीलाई थप बलियो बनाउने गरी सरकारले थालेको सुधारका अभियानका सकारात्मक परिणाम देखिन थालेका छन् । राष्ट्रिय प्रतिरक्षा प्रणालीको आधुनिकीकरण, अपराध अनुसन्धान क्षमताको सुदृढीकरण, सार्वजनिक प्रशासनमा पारदर्शिता तथा भ्रष्टाचार नियन्त्रणलाई केन्द्रमा राख्दै सरकारले सुरक्षा र सुशासनको नयाँ जग बसाल्ने प्रयासको थालनी गरेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212653**

## नेपालीले देशभित्रै घुमफिरमा खर्चन्छन् वार्षिक ३ खर्ब ९५ अर्ब रुपैयाँ !

नेपाली घरपरिवारे पर्यटकीय गतिविधिमा वार्षिक ४ खर्ब ५९ अर्ब ५ करोड रुपैयाँ खर्चिएको पाइएको छ । जसमध्ये आन्तरिक पर्यटनमै नेपालीले वार्षिक ३ खर्ब ९५ अर्ब ४२ करोड रुपैयाँ खर्चिएको तथ्यांक सार्वजनिक भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको पहिलो राष्ट्रियस्तरको 'आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२' ले मुलुकका आधाभन्दा बढी घरपरिवार आन्तरिक पर्यटनमा सहभागी रहेको जनाएको छ । सर्वेक्षण अनुसार आन्तरिक पर्यटनतर्फ रात बिताउने भ्रमणमा ३ खर्ब ४ अर्ब ४४ करोड रुपैयाँ तथा सोही दिन फर्किने भ्रमणमा ९० अर्ब ९८ करोड रुपैयाँ खर्च भएको छ । बाँकी...

स्रोत : **https://gdpnepal.com/archives/74365**

## शक्तिशाली 'आर्थिक अपराधविरुद्धको प्राधिकरण' गठन गर्ने अर्थमन्त्रीको प्रस्ताव

आर्थिक अपराधको अनुसन्धान तथा अभियोजनका लागि सरकारले छुट्टै शक्तिशाली 'आर्थिक अपराधविरुद्धको प्राधिकरण' गठन गर्ने भएको छ। आर्थिक अपराधका मुद्दामा प्रभावकारी अनुसन्धान होस् भनेर एक वर्षभित्र अख्तियार जस्तै छुट्टै प्राधिकरण गठन गर्ने सरकारको तयारी रहेको अर्थमन्त्री स्वर्णिम वाग्लेले बताए। प्रतिनिधिसभा बैठकमा बिहीबार सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) विधेयक २०८३ उपर सांसदले उठाएका प्रश्नको उत्तर दिने क्रममा अर्थमन्त्री वाग्लेले आर्थिक अपराध सम्बन्धमा अनुसन्धान गर्न सरकारले छुट्टै प्राधिकरण गठन गर्न लागेको जानकारी दिएका हुन्। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/03/finance-minister-proposes-to-form-a-powerful-economic-crimes-authority-36-18.html**

## अध्यादेश : संवैधानिक सुविधा कि कार्यकारीको दुरुपयोग ?

प्रधानमन्त्री वालेन्द्र शाहले ८ वैशाखमा मन्त्रिपरिषद् बैठक बोलाउँछन्, त्यही बैठकले संघीय संसद्का दुवै सदनको अधिवेशन १७ वैशाखमा बोलाउने गरी राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्छ। सिफारिस राति गएकाले भोलिपल्ट राष्ट्रपति पौडेलले १७ वैशाखका दिन २ बजे बस्ने गरी संघीय संसद्को अधिवेशन आह्वान गर्छन्। प्रधानमन्त्री शाहले १० वैशाखमा फेरि मन्त्रिपरिषद् बैठक बोलाउँछन्, बैठकले आह्वान भइसकेको अधिवेशन स्थगन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/03/ordinance-constitutional-privilege-or-abuse-of-executive-power-32-44.html**

## परीक्षा सुधारदेखि विश्वविद्यालय रूपान्तरणसम्म

वर्तमान सरकार गठन भएयता परीक्षा प्रणाली सुधार, विश्वविद्यालयमा शासकीय सुधार, डिजिटल सेवा विस्तार तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा उल्लेखनीय प्रगति भएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयले माध्यमिकदेखि विश्वविद्यालय तहसम्मको परीक्षा प्रणालीलाई समयबद्ध बनाउने, वैदेशिक अध्ययन अनुमति (एनओसी) सेवालाई थप प्रभावकारी बनाउने, विश्वविद्यालयलाई दलगत हस्तक्षेपमुक्त गर्ने तथा डिजिटल सेवा विस्तारलाई प्राथमिकतासाथ अगाडि बढाएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212493**

## नागरिकमा सुशासनको अनुभूति

नेपालको राजनीतिक इतिहासमा स्पष्ट जनादेशसहित गठन भएको सरकारले आफ्नो कार्यकालको महत्वपूर्ण सय दिन (२०८३ असार २० गते शनिबार) पूरा गर्न लागेको छ । सरकारको सय दिनलाई सुशासनको आधार निर्माणको कालखण्डका रूपमा लिन सकिन्छ । राजनीतिक अस्थिरताको लामो शृङ्खला अन्त्य गर्दै बनेको वालेन्द्र शाह नेतृत्वको सरकारले नागरिक तहमा रहेको विकास, सुशासन र द्रुत सेवा प्रवाहको अपेक्षालाई सम्बोधन गर्न सुरु गरेको रूपान्तरणकारी सुधारले जनतामा नयाँ आशाको सञ्चार गरेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212509**

## १५औं महाधिवेशनको समानान्तर तयारीमा कांग्रेस इतर पक्ष, सम्पर्क कार्यालयमा रङरोगन

कांग्रेसको संस्थापनइतर पक्षले १५ औं महाधिवेशनको समानान्तर तयारी सुरु गर्न चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गरेका छन् । पार्टी संस्थापन पक्षले १६-१९ असोजमा केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने गरी तयारी अघि बढाइरहेका बेला असन्तुष्ट इतर पक्षका नेताहरु छुट्टै सम्पर्क कार्यालय खोलेर समानान्तर महाधिवेशनको तयारीमा जुट्न लागेका हुन् । सम्पर्क कार्यालयका लागि घर लिएर रङ लगाउने काम भइरहेकाले त्यहाँबाट काम सुरु हुन दुईतीन दिन लाग्ने नेता विमलेन्द्र निधिले बताए । कार्यलयको नाम '१५ औं महाधिवेशन तयारी सम्पर्क कार्यालय' भनेर राखिनेसमेत उनले बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/02/opening-a-liaison-office-and-preparing-for-the-15th-general-conference-in-parallel-with-other-parties-pressure-or-strategy-37-19.html**

## शिक्षा तथा खेलकुद मन्त्रालयको सल्लाहकारमा शैलेन्द्र झा नियुक्त

शिक्षा तथा खेलकुद मन्त्रालयले शैलेन्द्र झालाई सल्लाहकार नियुक्त गरेको छ । ह्युबर्ट एच. हम्फ्रे फेलोसिपअन्तर्गत अमेरिकाको भ्यान्डरबिल्ट विश्वविद्यालयमा अध्ययन तथा व्यावसायिक अनुसन्धानमा संलग्न झालाई मन्त्रालयले सल्लाहकार नियुक्त गरेको थियो । यसअघि झा वालेन्द्र शाह मेयर हुँदा काठमाडौं महानगरपालिकाको सहरी योजना आयोगमा शिक्षा, प्रविधि तथा सामाजिक नवप्रवर्तन हेर्ने बोर्ड सदस्यको रूपमा कार्यरत थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/Education/2026/07/01/shailendra-jha-appointed-as-advisor-to-the-ministry-of-education-and-sports-33-33.html**

## ट्राफिक देखिनँ नभन्नुहोला, प्रविधिले चिट काट्छ

शनिबार, आइतबार वा अन्य सार्वजनिक बिदाका दिन थापाथली चोकमा 'ट्राफिक प्रहरी छैन' भन्दै तपाईंले ट्राफिक नियम त मिच्नुभएको छैन ? रातो बत्तीमै हुइँकिने वा लेन मिच्ने त गर्नुभएको छैन ? ट्राफिक प्रहरी छैन भनेर यस्तो गरिरहनुभएको छ भने तपाईं गल्ती गर्दै हुनुहुन्छ; जसबापत कि कारबाही परिसक्नुभयो वा पर्ने सम्भावना छ। बिदाका दिन 'ट्राफिकमुक्त अभियान' चलाएको छ। एसएसपी नवराज अधिकारीको पालमा यो अभियान सुरु गरेको करिब एक महिना भइसकेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965156/traffic-management-through-technology**

## 'जरिबाना एक लाखै राखे पनि ट्राफिक नियम नमिच्नेलाई फरक पर्दैन'

जरिवाना धेरै भयो, कम भयो भन्ने भन्दा पनि मापसे गरेर सवारी चलाउनुभएन भन्ने हो । तपाईं आफैं मर्नुहुन्छ, तपाईंले सवारी चलाएका कारण अरूले ज्यान गुमाउनुपर्ने अवस्था हुने भएकाले त्यसरी सवारी नचलाउनुस् भन्ने हो । त्यसैगरी उल्लंघन गरेर सवारी नचलाएपछि ५० हजार होस् वा १ लाख त्यसको सरोकार नै हुँदैन नि ! काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले १ असारबाट एक महिने ट्राफिक सचेतना महाअभियान सञ्चालनमा ल्याएको छ। काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लंघन, सवारी दुर्घटनाका घटनाहरू न्यूनीकरण गर्ने उद्देश्य सहित सचेतना महाअभियान चलाइएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965375/even-if-the-fine-is-set-at-one-lakh-it-wont-matter-to-those-who-dont-break-traffic-rules**

## बालेनलाई रन्जित कर्णको प्रश्न- जनकपुरको अधिकार खै ?

नेपाली कांग्रेसका सांसद रन्जित कर्णले संविधान कार्यान्वयन र संघीयता मर्म अनुसार अधिकार विकेन्द्रीकरणको विषयमा सरकारसँग जवाफ माग गरेका छन् । 'काठमाडौंक सिंहदरबार त बनल, मुदा हम्मर जनकपुरक अधिकार कतय गेल ?' प्रधानमन्त्री बालेनलाई मैथिली भाषामै उनको प्रश्न छ । २१ फागुन २०८२ को निर्वाचन अगाडि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५ माघ २०८२ मा जनकपुरमा पहिलो आमसभा राखेको थियो । उक्त आमसभालाई सम्बोधन गर्दै बालेनले प्रदेशलाई अझ बलियो बनाउनुपर्ने बताएका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965422/ranjit-karnas-question-to-balen-does-janakpur-have-rights**

## महाधिवेशन आइसक्दा पनि क्रियाशीलकै किचलो

नेपाली कांग्रेस १५औं महाधिवेशनको संघारमा छ। महाधिवेशनको कार्यतालिका नै सार्वजनिक गरिसकेको कांग्रेसले देशभर क्रियाशील सदस्यता अद्यावधिक र नयाँ सदस्यता वितरण अभियान तीव्र पारेको छ। महाधिवेशन मिति नजिकिँदै गर्दा सदस्यता अद्यावधिकको विवाद, संस्थापन इतर समूहको असहमति र संगठनभित्रको अविश्वासले महाधिवेशन तयारीमा भने चुनौती थपेको छ। पछिल्ला दिनमा संवादको प्रयास सुरु भए पनि कांग्रेसको आन्तरिक विवाद समाधान हुन सकेको छैन। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965612/congress-controversy-the-general-convention-has-arrived-activists-dilemma-remains-unresolved**

## निर्धारित समयमा मन्त्रालयहरूले गर्न सकेनन् ओएण्डएम, गुपचुप थपियो समय

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले जेठ १२ गते सबै मन्त्रालयलाई 'निर्णय कार्यान्वयन सम्बन्धमा' शीर्षकमा परिपत्र गर्दै असार ७ गतेभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) कार्य सम्पन्न गर्न निर्देशन दिए पनि उक्त निर्देशन कार्यान्वयन हुन नसकेको पाइएको छ। उक्त निर्देशन सबै मन्त्रालयले निर्धारित समयमा कार्यान्वयन गर्न नसकेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको फेरि गुपचुप रूपमा असार मसान्तसम्म समयावधि थप गरेको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/573761/ministries-failed-to-complete-om-within-the-stipulated-time-time-was-secretly-extended**

## नेता-कार्यकर्ताका लागि नेकपाको नयाँ आचारसंहिता

नेकपाले आफ्ना नेता तथा कार्यकर्ताका लागि नयाँ आचारसंहिता ल्याएको छ। नेता तथा कार्यकर्ताको आचरण र व्यवहारलाई पार्टीले अवलम्बन गरेको क्रान्तिकारी सिद्धान्तअनुरूप बनाउन आचारसंहिता जारी गरिएको नेकपाले जनाएको छ। यसअघि तत्कालीन माओवादीले पनि यस्तै आचारसंहिता ६ पटक ल्याए पनि लागू हुन सकेको थिएन। माओवादी र एकीकृत समाजवादी एकीकृत भई बनेको नेकपाले सोमबार नयाँ आचारसंहिता ल्याएको हो। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/06/30/178278140098551337.html**

## एकताको पक्षमा शीर्ष नेता, सहमतिको सूत्र अझै अधुरो

नेपाली कांग्रेसको १५ औं महाधिवेशन नजिकिँदै जाँदा पार्टीभित्रको शक्ति संघर्ष 'नेतृत्वको विवाद' भन्दा पनि महाधिवेशनअघि पार्टीलाई कसरी एकताबद्ध बनाउने भन्ने विषयमा केन्द्रित हुन थालेको छ। संस्थापन र इतर समूहबीच सार्वजनिक रूपमा एक-अर्काप्रति आरोप-प्रत्यारोप चलिरहे पनि शीर्ष नेताहरूबीच पार्टी विभाजनभन्दा पनि एकतामै जोड दिने साझा बुझाइ बनेको देखिन्छ। तर, एकताको सूत्र के हुने भन्ने विषय अझै टुंगोमा पुग्न भने सकेको छैन। पूर्णबहादुर खड्काको सन्देश : पहिले एकता। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967026/top-leaders-in-favor-of-unity-consensus-formula-still-incomplete**

## फौजदारी धरपकडमा आक्रामक : नियमसंगत कि नियतवश ?

हाम्रा गृहमन्त्रीज्यूलाई 'क्विक एक्सन मिनिस्टर' भन्न चाहन्छु । उहाँ अत्यन्तै क्विक एक्सन लिनु हुन्छ ।' श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङ (हर्कराज राई)ले संसद्मै गृहमन्त्री सुधन गुरुङलाई क्विक एक्सन मिनिस्टरको उपमा दिए । माइतीघरमा धर्ना बसेकाहरूलाई न्याय दिने सन्दर्भमा साम्पाङले सुधनलाई क्विक एक्सन मन्त्रीको रूपमा चित्रित गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966923/aggressiveness-in-criminal-arrest-legal-or-intentional**

## हर्कराजको भावुक स्टाटस : दार्चुला, मुटुभरी तिम्रै माया बोकेर फर्कदैछु

फेसबुक स्टासस त हर्क सम्पाङको आइरहन्छ । यसरी आइरहन्छ, मानौं उनले स्टाटस लेख्ने ठेक्का नै लिएका हुन् । हरेक क्षण श्रृंखलाबद्ध स्टाटस देखेर हर्क साम्पाङमाथि कुनै शंसय नगरे हुन्छ कि, उनलाई आज के भएछ ? बरू उनले स्टाटस लेख्न छाडे भने सोच्नुहोला, 'उनलाई आज के भएछ ?' हो पनि, हर्क साम्पाङको हृदयगति जस्तै देखिन्छ उनले लेखिरहने फेसबुक स्टाटस पनि । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966972/harkarajs-emotional-status-darchula-i-am-returning-with-your-love-in-my-heart**

## अंक र आईक्यूमा मात्रै सीमित हुँदैन मानिसको क्षमता

हावर्ड गार्डनर अमेरिकी मनोवैज्ञानिक, शिक्षाविद् तथा अनुसन्धानकर्ता हुन् । उनको जन्म सन् १९४३ जुलाई ११ मा अमेरिकाको पेन्सिलभेनिया राज्यमा भएको थियो । उनी विशेषगरी शिक्षा र मानव बुद्धिको अध्ययनका लागि प्रशिद्ध छन् । गार्डनरले अमेरिकाको हार्वर्ड विश्वविद्यालयसँग आवद्ध भएर लामो समयसम्म अनुसन्धान गरेका छन् । हावर्ड गार्डनरले परम्परागतरूपमा बुद्धिमत्तालाई केवल परीक्षा वा आईक्यूबाट मापन गर्ने धारणा प्रर्याप्त नभएको बताएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966628/human-potential-is-not-limited-to-just-grades-and-iq**

## प्राधिकरणले प्रवर्द्धकलाई भन्यो, 'विद्युत् उत्पादन घटाऊ'

विद्युत् प्राधिकरणले प्रसारणलाइन तयार नभएको, सबस्टेसनको क्षमता नपुगेको, ग्रिडमा समस्या आएको र मागभन्दा बढी विद्युत् उत्पादन भएकाले प्रणाली (ग्रिड) को स्थिरता कायम राख्नुपर्ने कारण देखाउँदै जलविद्युत् आयोजनाहरूलाई उत्पादन घटाउन निर्देशन दिन थालेको छ। प्राधिकरणले 'कन्टिन्जेन्सी' मा रहेका जलविद्युत् आयोजनालाई आवश्यकताअनुसार उत्पादन घटाउन निर्देशन दिन थालेको हो। प्राधिकरणले प्रसारणलाइन वा सबस्टेसनको अभावका कारण पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिने आयोजनालाई 'कन्टिन्जेन्सी'मा राख्ने गरेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/02/nea-tells-promoters-to-reduce-electricity-generation-08-00.html**

## विकासवाद के हो ?

'हामी विकासवादी हौं' भन्ने वाक्यको मूल्य त्यतिबेला प्रमाणित हुन्छ, जब विकास भाषण होइन, प्रणाली बन्छ । प्रणाली परिणाम बन्छ । र, परिणाम नागरिकको दिनचर्यामा र अनुभवमा परावर्तित हुन्छ । प्रधानमन्त्री वालेन्द्र शाहले रास्वपाको पहिलो महाधिवेशनमा 'हामी विकासवादी हौं' भनेर दिएको भाषणलाई मैले यो सरकारको अर्थ-राजनीतिक मार्गचित्रको संकेतका रूपमा बुझेको छु । प्रधानमन्त्री पदको शपथग्रहणपछि पंक्तिकारले 'बालेनोमिक्स' भन्ने शब्द अगाडि सारेको थियो ('बालेनोमिक्स' को प्रतीक्षा, कान्तिपुर, फागुन २८, २०८२) । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/01/178292761943011888.html**

## न्याय परिषद् बैठक बोलाऊ, न्यायाधीश अभाव हटाऊ

प्रधानन्यायाधीश मनोजकुमार शर्माले न्याय परिषद्को बैठक राख्न पनि सकेका छैनन् । न्यायाधीश अभावमा अदालतमा मुद्दाको चाप बढिरहने तर न्यायाधीश सिफारिस गर्ने न्याय परिषद्को बैठक पनि नबस्ने प्रवृत्ति स्वयंमा विरोधाभास हो । न्यायको शीघ्र प्राप्ति लोकतान्त्रिक मुलुकको आधारभूत सर्त हो । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/02/call-a-meeting-of-the-judicial-council-eliminate-the-shortage-of-judges-53-30.html**

## सैनिक शक्तिको संयमित प्रयोग

सीमा क्षेत्रमा तत्कालै सेना परिचालन गर्ने माग राष्ट्रिय भावनाबाट प्रेरित देखिए पनि यो संविधान, अन्तर्राष्ट्रिय सम्बन्ध र सैनिक शक्तिको स्थापित सिद्धान्तअनुकूल छैन । नेपालको संघीय संसद्मा पछिल्ला दिनमा सीमा सुरक्षासँग सम्बन्धित विषय पुनः चर्चाको केन्द्रमा आएका छन् । विशेषतः छिमेकी राष्ट्रहरूसँग जोडिएका सीमा अतिक्रमण, सीमावर्ती क्षेत्रमा नेपाली नागरिकमाथि हुने व्यवहार तथा राष्ट्रिय सार्वभौमिकतासम्बन्धी प्रश्न उठाइएका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/06/30/restrained-use-of-military-force-34-43.html**

## संसद्को गुणस्तर खस्किएको जनगुनासोप्रति आत्मसमीक्षा गरौं : मन्त्री गौतम

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले संसद्को गरिमा र औचित्य कायम राख्न सांसदहरूले आफ्नो व्यवहार, भाषा र पोशाकमा विशेष ध्यान दिनुपर्ने बताएकी छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965849/lets-introspect-on-public-complaints-about-the-deteriorating-quality-of-parliament-minister-gautam**

## बडिगाडमा हेमोडायलाइसिस सेवा सञ्चालनमा

बागलुङको बडिगाड गाउँपालिकामा १५ शैयाको बडिगाड आधारभूत अस्पतालको नवनिर्मित भवन उद्घाटनसँगै हेमोडायलाइसिस सेवा औपचारिक रूपमा सञ्चालनमा आएको छ । पोषणमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा कार्यक्रमसँगै आयोजित विशेष समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अस्पताल भवन उद्घाटन गर्दै डायलाइसिस सेवाको शुभारम्भ गरेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965763/hemodialysis-service-in-operation-in-badigad**

## नेपाल रेडक्रसले भन्यो- दलमा आबद्ध भए रेडक्रसको संलग्नता त्याग्नुस्

नेपाल रेडक्रस सोसाइटीले सांगठनिक सुधारका लागि भन्दै राजनीतिक दलमा आबद्ध भए रेडक्रसको सदस्यता त्याग्न आह्वान गरेको छ। नेपाल रेडक्रस सोसाइटीले एक सार्वजनिक अनुरोध जारी गर्दै यस्तो आह्पान गरेको हो । नेपाल रेडक्रस विश्व रेडक्रस अभियानको अभिन्न अङ्गको रूपमा रहेको बताउँदै रेडक्रसका सात सिद्धान्त, मूल्य मान्यतामा आधारित एक तटस्थ र निष्पक्ष रूपमा काम गर्ने देशकै ठूलो मानवीय संस्था रहेको बताइएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965545/nepal-red-cross-says-if-you-are-affiliated-with-a-party-renounce-your-involvement-with-the-red-cross**

## साढे ९ अर्बको विद्यालय दिवाखाजा : कमिसनखोरलाई भोज, गरीबका छोराछोरीलाई कुपोषण

राज्यको यो ठूलो लगानी र पवित्र उद्देश्यमाथि स्थानीय तह र विद्यालय प्रशासनको मिलेमतोमा कसरी संस्थागत डकैती भइरहेको छ भन्ने पछिल्लो कुरुप दृष्टान्त बनेको छ, सप्तरीको कञ्चनरूप नगरपालिका । सार्वजनिक शिक्षा प्रणालीलाई सुदृढ गर्न, कक्षाकोठामा विद्यार्थीको टिकाउ दर बढाउन र बाल कुपोषणको गम्भीर चक्रलाई तोड्न सरकारले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्मका सामुदायिक विद्यालयहरूमा विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966025/school-lunches-worth-9-5-billion-a-feast-for-commission-eaters-malnutrition-for-the-children-of-the-poor**

## साउनदेखि खुला गरिँदै नागढुंगा सुरुङमार्ग : सुरक्षा र उद्धार सवारीको परीक्षण सफल

नेपालको पहिलो सडक सुरुङमार्गका रूपमा निर्माण गरिएको नागढुंगा सुरुङमार्ग आगामी साउन महिनादेखि सञ्चालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको छ । सञ्चालनअघि गर्नुपर्ने आवश्यक प्राविधिक तयारीअन्तर्गत सुरुङमार्गमा प्रयोग हुने अपरेसनल तथा मेन्टिनेन्स सवारीसाधनको परीक्षण सफलतापूर्वक सम्पन्न गरिएको हो । परीक्षणका क्रममा सुरुङभित्र नियमित निरीक्षण, मर्मतसम्भार, सरसफाइ, आपत्कालीन उद्धार तथा दुर्घटना व्यवस्थापनमा प्रयोग हुने सवारीसाधन र उपकरणको कार्यसम्पादन जाँच गरिएको थियो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574115/nagdhunga-tunnel-to-be-opened-from-shrawan-tests-of-safety-and-rescue-vehicles-successful**

## निजामती विधेयकको त्रासमा कर्मचारी पलायन

सरकारले निजामती सेवा विधेयक ल्याउने तयारी अघि बढाएसँगै सिंहदरबारभित्र कर्मचारी पलायनको लहर देखिएको छ । निजामती सेवा विधेयकमा प्रस्तावित ३० वर्ष सेवा अवधि वा ५५ वर्ष उमेरमै अवकाशको व्यवस्थाले पेन्सन र सेवासुविधा खुम्चिने त्रास बढेपछि सहसचिवदेखि उपसचिवसम्मका कर्मचारी धमाधम राजीनामा दिन थालेका हुन् । नयाँ सरकार बनेयता सहसचिवदेखि उपसचिवसहित अधिकांश कर्मचारीले अस्वाभाविक रूपमा राजीनामा दिएको राष्ट्रिय किताबखानाका अधिकारीहरू बताउँछन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/01/775556/**

## सिंहदरबारमा महावीरको 'स्टार्टअप'

नवगठित विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयलाई यतिबेला आफ्नो आधारभूत संरचना निर्माण र कानुनी जग बसाल्ने चटारो छ। महावीर पुनको नेतृत्वमा मन्त्रालयले सांगठनिक स्वरूप (ओएन्डएम) को काम टुंग्याउँदै अनुसन्धानलाई उत्पादन र बजारसँग जोड्ने लक्ष्यसाथ गृहकार्य अघि बढाएको जनाएको छ। मन्त्रालयकी प्रवक्ता मोनिका झाका अनुसार मन्त्रालयमा अहिले प्रारम्भिक व्यवस्थापनको काम भइरहेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/01/mahavirs-startup-at-singha-durbar-25-47.html**

## काठमाडौंमा रेबिज फोबियाको दोस्रो तरंग !

नेपालभरि कति मानिसको मृत्यु रेबिजबाट हुन्छ भन्ने यकीन तथ्यांक छैन । वर्षमा १०० को हाराहारीमा मृत्यु हुने अनुमानित विविरण छ । काठमाडौं महानगरपालिकाले टेकु अस्पताललाई सहयोग स्वरुप रेबिज विरुद्धको खोप दिएको समारोह एकातिर चलिरहेको थियो । म भने ओपिडी कक्षमा एक रेबिज रोगको सन्त्रास मनमा लिएर आहेका एक व्यक्तिसँग कुराकानी गर्दै थिए । बिहान उठेर मोबाइल हेर्नेबित्तिकै एक व्यक्तिको मृत्यु रेबिजबाट भएको खबर व्यापक भएको देखें । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966185/second-wave-of-rabies-phobia-in-kathmandu**

## फरेन्सिक विज्ञको शैक्षिक योग्यता स्नातकोत्तर हुनुपर्छ : मन्त्री पुन

सरकारले विधि विज्ञान (फरेन्सिक साइन्स) को क्षेत्रमा विशेषज्ञका लागि स्नातकोत्तर तह (मास्टर्स) को योग्यता अनिवार्य गरिनुपर्ने प्रस्ताव गरेको छ । बुधवार सिंहदरबारमा बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ सम्बन्धमा छलफलका क्रममा सरकारबाट सो प्रस्ताव आएको हो । सरकारका तर्फबाट विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले विगतमा स्नातक तह (व्याचलर्स) लाई नै ठूलो शैक्षिक उपलब्धिको रूपमा लिइने गरिएको भए पनि वर्तमान समय र प्रविधिको विकाससँगै विशेषज्ञताका लागि स्नातकोत्तर तह आवश्यक भइसकेको तर्क गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966606/forensic-experts-should-have-a-masters-degree-minister-pun**

## २३ स्थानीय तहले अझै ल्याएनन् बजेट, तीन दिनभित्र स्पष्टीकरण बुझाउन निर्देशन

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तोकिएको समयभित्र सभामा पेश नगरेका २३ वटा स्थानीय तहसँग स्पष्टीकरण मागेको छ । पत्रमार्फत विभिन्न गाउँपालिका र नगरपालिकालाई तीन दिनभित्र बजेट तर्जुमा प्रक्रियाको अवस्था र ढिलाइको कारण स्पष्ट पारेर विवरण पठाउन निर्देशन दिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1966703/23-local-levels-have-not-yet-brought-budgets-ministry-directs-them-to-submit-clarifications-within-three-days**

## ‘निर्ममतापूर्वक योग्य फ्याकल्टी मात्र राख्छौं, राजनीतिमुक्त स्वायत्तता नै हाम्रो शक्ति हो’

नेपाल विश्वविद्यालयको औपचारिक घोषणा भएको दुई वर्ष पुग्न थालेको छ। विश्वविद्यालयले स्नातकोत्तर तहमा ‘पब्लिक पोलिसी’ मा दुई वर्षे कार्यक्रम सुरु गरेको छ । शैक्षिक सत्र २०८३/०८४ का लागि स्नातक तहमा विद्यार्थी भर्ना सुरु भइसकेको छ भने स्नातक तहका कक्षाहरू समेत सञ्चालनको चरणमा छन् । विश्वविद्यालयले विद्यार्थी केन्द्रित शिक्षणलाई पहिलो प्राथमिकतामा राखेको जनाएको छ । यसै सन्दर्भमा नेपाल विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा.सूर्यराज आचार्यसँग गरिएको कुराकानीको सारसंक्षेपः बाँकी... स्रोत : **https://www.ratopati.com/story/574317/we-ruthlessly-retain-only-qualified-faculty-our-strength-is-our-autonomy-free-from-politics**

## प्रदेश सभा बिना संघीयता हुन सक्दैन

संघीयता किन ल्याउनुपर्‍यो ? यसको उद्देश्य के थियो ? अलिकति पछाडि जाऔं । नेपाल अहिलेको एकीकृत र आधुनिक राज्य (हुन त राज्य हुन नै बाँकी छ) हुनुअघि के थियो ? पहिलो, १७७६ देखि १८४६ सम्म एउटा वंशानुगत पारिवारिक राजतन्त्रको निरंकुश शासन थियो। त्यहाँ नेपाली विविधतालाई समेटिएको थियो ? जनजाति कहाँ थिए ? मधेसी कहाँ थिए ? थारु कहाँ थिए ? यहाँसम्म कि महिला पनि कहाँ थिए ? थिएनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1966172/federalism-cannot-exist-without-provincial-assemblies**

## ‘प्रदेशसभा खारेजीको अर्थ प्रदेशको औचित्यै सकियो भन्ने होइन’

रास्वपाका दस्तावेजले राज्य पुनर्संरचनाका उन्नत विकल्पहरूको ढोका खोलेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले हालै आफ्नो प्रथम महाधिवेशन सम्पन्न गरेको छ र यो महाधिवेशनबाट नयाँ कार्यसमिति पनि चयन भइसकेको छ। पार्टीले अझै केही पदाधिकारीहरू चयन गर्न बाँकी राखेको छ, जुन मनोनीत प्रक्रियाबाट चयन हुनेछन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1965963/the-dissolution-of-the-provincial-assembly-does-not-mean-that-the-provinces-legitimacy-has-ended**

## राष्ट्रियसभा अध्यक्षद्वारा सांसदका प्रश्नको जवाफ दिन सरकारलाई रुलिङ

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाले राष्ट्रियसभामा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन सरकारलाई रुलिङ गरेका छन् । राष्ट्रियसभाको सोमबारको बैठकमा अध्यक्ष दाहालले संघ सरकारका मन्त्रीहरूलाई त्यस्तो निर्देश गरेका हुन् । ‘राष्ट्रियसभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशीक सरोकार समयमा उठाएका विषयको जवाफ सभामा दिन नेपाल सरकारका सबै माननीय मन्त्रीहरूलाई निर्देश गर्दछु,’ अध्यक्ष दाहालले बैठकमा निर्देश गर्दै भने । बाँकी... स्रोत : **https://www.ratopati.com/story/574163/national-assembly-speaker-issues-ruling-to-government-to-answer-mps-questions**

## विज्ञको रायले अदालतको फैसला प्रभावित हुनसक्छ, योग्यतामा लापरबाही नगरौं : सभापति शेरचन

सङ्घीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिकी सभापति डा. ओजश्वी शेरचनले 'विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१' मा विशेषज्ञको परिभाषा र न्यूनतम योग्यता स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने बताएकी छिन् । बुधबार बसेको समितिको बैठकमा विधेयकमाथिको छलफलका क्रममा सभापति शेरचनले यस्तो धारणा राखेकी हुन् । विशेषज्ञले दिने रायका आधारमा अदालतको फैसला प्रभावित भई निर्दोष व्यक्ति दोषी ठहरिन सक्ने वा दोषीले उन्मुक्ति पाउन सक्ने जोखिम रहने हुँदा यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने उनले बताइन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574136/expert-opinion-may-affect-court-decisions-lets-not-be-careless-with-qualifications-chairman-sherchan**

## नेपालमा पहिलोपटक हेलमेट स्यानिटाइजिङ सेवा सुरु

नेपालमा पहिलोपटक हेलमेट क्लिनिङ तथा स्यानिटाइजिङका लागि अत्याधुनिक मेसिनमार्फत सेवा सुरु गरिएको छ । भारतको प्रतिष्ठित कम्पनी फ्रेशपोड इन्डियाले उत्पादन गरेको उक्त मेसिन नेपालका लागि आधिकारिक वितरक गैरे फ्रेशपोड प्रालिले रूपन्देहीको बुटवलमा एक समारोहबीच सञ्चालनमा ल्याएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/212736**

## सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) विधेयक पारित

प्रतिनिधिसभाको बिहीबार बसेको बैठकले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ पारित भएको छ । विधेयकमाथिको दफावार छलफल र अर्थमन्त्री स्वर्णिम वाग्लेको जवाफपछि बहुमतले विधेयक पारित गरेको हो । विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री वाग्लेले भ्रष्टाचार, आर्थिक अपराधका विषयलाई कसरी रोक्न सकिन्छ भन्नेमा सार्थक बहस गर्न आवश्यक रहेको बताए । उनले सम्पत्ति शुद्धिकरणसम्बन्धी मुद्दा १३ निकायले चलाउन सक्ने भन्दै व्यापक छलफलबाट आर्थिक अपराधिक गतिविधि रोक्नुपर्नेमा जोड दिए । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/02/prevention-of-money-laundering-third-amendment-bill-passed-26-34.html**

## गाउँघरतिर बाबुराम भट्टराई

गाउँघर साँच्चै रित्तिएका छन् । पितापुर्खाले हुक्का तानेर बस्ने सिकुवामा लेउ पलाएको छ । पारिवारिक फोटा-फ्रेम टाँगिने भित्ताहरू उप्किएका छन् । मूलढोकामा ताल्चा लागेको छ । बाली-बगैंचा झार र जंगलले ढाकिसकेको छ । आँगन अब स्मृतिहरूको मृत ल्यान्डस्केप जस्तो भएको छ । गाउँघर सुनसान छ । अधिकांश गाउँमा जवान छोराछोरी छैनन्, छिल्लिदै रमाउने बालबच्चा छैनन् । यही विरक्तलाग्दो पृष्टभूमिमा बाबुराम भट्टराई भने गाउँघरतिर टुप्लुक्क-टुप्लुक्क देखापर्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962685/baburam-bhattarai-to-the-countryside**

## सेनाले जुनसुकै नेपाली नागरिकलाई तालिम दिनसक्ने, आवश्यक परे स्वयंसेवकका रूपमा खटाउने

सरकारले जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सक्ने गरी कानुनी व्यवस्था गर्न लागेको छ । रक्षामन्त्रीको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले संघीय संसद् सचिवालयमा दर्ता गरेको 'राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा सो व्यवस्था गरिएको हो । बाँकी...

स्रोत : **https://baahrakhari.com/detail/492986**

## कालापानी-लिपुलेक-लिम्पियाधुरा यात्रामा निस्किए जेनजी अभियन्ता

राष्ट्रिय जेनजी नागरिक अभियानका अभियन्ताहरू कालापानी, लिपुलेक र लिम्पियाधुरातर्फ यात्रामा निस्किएका छन् । अभियानका संयोजक सुनिल सिंह, सहसंयोजक अजय सोडारी, सचिव प्रकाश बम तथा सीमासम्बन्धी चलचित्र निर्माता नवल खड्का यात्रामा सहभागी छन् । सहसंयोजक अजय सोडारीका अभियानले यसअघि काठमाडौँमा सीमासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574693/genji-activists-set-out-on-kalapani-lipulek-limpiyadhura-journey**

## नेपालमै गुणस्तरीय शिक्षा उपलब्ध हुन्छ : मन्त्री पोखरेल

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरकारले नेपालमै गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यका साथ काम गरिरहेको बताएका छन् । काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयु)को आज आयोजित ३१औँ दीक्षान्त समारोहमा उनले समृद्ध र समुन्नत समाज निर्माणका लागि शिक्षित युवाको सक्रिय भूमिका आवश्यक रहेको धारणा व्यक्त गरे । मन्त्री पोखरेलले भने, "सरकारले नेपालमै गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यका साथ काम गरिरहेको छ, यसका लागि शिक्षित युवाको सक्रिय भूमिका आवश्यक छ ।" बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574679/quality-education-is-available-in-nepal-minister-pokharel**

## नक्कली औषधी नियन्त्रण गर्न विभागको ६ बुँदे निर्देशन

नेपाली औषधी बजारमा पछिल्लो समय नक्कली तथा झुटो विवरण भएका औषधीको बिक्री-वितरण बढेको र फिर्ता गरिएका औषधीसमेत बजारबाट न्यून परिमाणमा मात्र फिर्ता हुन थालेपछि औषधी व्यवस्था विभागले औषधी आपूर्ति शृङ्खला व्यवस्थित बनाउन ६ बुँदे निर्देशन जारी गरेको छ । विभागका निमित्त महानिर्देशक शिवानी खड्गीद्वारा जारी सूचनामा काउन्टरफिट तथा फल्सिफाइड औषधीको प्रयोगले जनस्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्ने भएकाले औषधी बिक्रीवितरण संहिता, २०८० को मर्मअनुसार सम्पूर्ण उत्पादक, पैठारीकर्ता, थोक तथा खुद्रा विक्रेताले अनिवार्य रूपमा निर्देशन कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/03/775917/**

## विज्ञान मन्त्रालय : समृद्ध नेपालको अवसर

नेपालबाट प्रतिभा हराएको होइन, अवसर हराएको हो। अवसर, वातावरण र विश्वास पाए भने धेरै युवा वैज्ञानिक, इन्जिनियर र नवप्रवर्तकहरू नेपालमै बसेर काम गर्न तयार छन्। तीन वर्षसम्म म न्युजिल्यान्डको अकलान्ड संरक्षण बोर्डमा वातावरण मन्त्रालयको मन्त्रीस्तरीय नियुक्तिमा सदस्यका रूपमा बसें र त्यो बोर्डमा एक मात्र नेपाली म नै थिएँ। यहाँका अधिकारीहरू कुनै पनि निर्णय लिनुअघि अनुसन्धान हेर्थे, तथ्य खोज्थे, प्रश्न गर्थे। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/03/ministry-of-science-opportunity-for-a-prosperous-nepal-12-29.html**

## लगानी र खर्चमा भएन सुधार, निजी क्षेत्रको बढेन मनोबल

अर्थमन्त्री स्वर्णिम वाग्लेले १३ चैत २०८२ मा नयाँ सरकारको अर्थमन्त्रीका रूपमा पदभार सम्हाल्दै गर्दा आर्थिक सुधार, निजी क्षेत्रमैत्री वातावरण र कानुनी सुधारलाई प्राथमिकतामा राख्ने बताएका थिए। तर उनको सयदिने कार्यकालमा कानुनी सुधारको थालनी भए पनि अनुभूति हुने गरी अर्थतन्त्रको अवस्था र निजी क्षेत्रको आत्मविश्वासमा सुधार भएको छैन। जेन-जी आन्दोलनको जगमा भएको निर्वाचनबाट दुईतिहाइ निकटको शक्तिशाली सरकारबाट नागरिकको अपेक्षा धेरै थियो। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/04/there-was-no-improvement-in-investment-and-spending-and-the-morale-of-the-private-sector-did-not-improve-25-28.html**

## बागमतीका मुख्यमन्त्री संकटमा, बजेटविरुद्ध उभिए आफ्नै सांसद

आफ्नै पार्टीका सांसदहरु आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटविरुद्ध उभिएपछि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ अप्ठेरोमा परेका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बागमती प्रदेश सरकारले ६६ अर्ब ९३ करोडको बजेट ल्याएको छ । प्रदेशसभामा १६ असारदेखि बजेटमाथि छलफल चलिरहेको छ । तर, बागमतीका पूर्व मुख्यमन्त्री बहादुर सिंह लामा पक्षधरका सांसद बजेटप्रति असन्तुष्टि जनाउँदै हेटौंडा आएका छैनन् । लामासहितका केही सांसदहरु भने काठमाडौंमै बसेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1967994/bagmati-chief-minister-in-crisis-own-mp-stands-against-budget**

## सय दिनमा कस्तो बन्यो प्रधानमन्त्रीको छवि ?

प्रधानमन्त्री आफ्ना नियन्ता र 'काम' को थुप्रोका अगाडि घुँडो टेकेर निहुरिनुभएको छ। तर, नेपाली जनताको प्रधानमन्त्रीका रूपमा उहाँलाई कसैको अगाडि निहुरिने छुट छैन। उहाँले टाउको उठाएर सबै सत्यसँग साक्षात्कार गर्नुपर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहले संघीय गणतन्त्र नेपालको प्रधानमन्त्रीको पदभार सम्हाल्नुभएको एक सय दिन बितेको छ। यस अवधिमा देशमा धेरै ठूला उथलपुथल भएका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/05/what-has-become-of-the-prime-ministers-image-in-100-days-37-39.html**

## विद्युत् उत्पादन लक्ष्यमा सरकारको अन्योल : ३० हजार कि २८ हजार ५०० मेगावाट ?

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले तयार गरेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा बिजुली उत्पादनको लक्ष्यमा ठूलो खाडल देखिएको छ । आगामी दशकभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने घोषणा गरेको सरकारले १०० दिनको उपलब्धि सार्वजनिक गर्दा उक्त लक्ष्य १५०० मेगावाटले घटाएर २८ हजार ५ सय मेगावाटमा झारेको छ । सरकारको नीति तथा कार्यक्रम, रणनीति र मन्त्रीको सार्वजनिक अभिव्यक्तिले सरकार आफ्नै घोषित नीतिबाट पछि हटेको हो कि भन्ने गम्भीर प्रश्न उठेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/04/30000-or-28500-mw-has-the-government-backed-down-from-its-own-policy-14-51.html**

## सशस्त्र प्रहरीका ७१ जना डीएसपीको सरुवा, को कहाँ ?

सशस्त्र प्रहरी बल ९एपीएफ० ले ७१ जना सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) को सरुवा गरेको छ । सशस्त्र प्रहरी महानिरीक्षकको असार १९ गतेको निर्णयअनुसार प्रशासनिक आवश्यकता र संगठनको हितलाई ध्यानमा राखी सरुवा गरिएको जनाइएको छ । सरुवा भएका अधिकृतहरूले साउन १ गतेदेखि हाल कार्यरत कार्यालयबाट नियमानुसार तलब, भत्ता तथा राशन बुझ्ने व्यवस्था गरिएको सशस्त्र प्रहरी प्रधान कार्यालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/574973/71-dsps-of-armed-police-force-transferred-who-is-where-with-list**

## मुख्य सचिवमा १० सचिव दाबेदार, कसले मार्ला बाजी ?

नेपाल सरकारका मुख्यसचिव सुमनराज अर्यालको अवकाश हुन दुई साताभन्दा कम समय बाँकी रहेसँगै सरकारको प्रशासनिक नेतृत्व कसले सम्हाल्ला भन्ने चासो बढेको छ । अहिले वरिष्ठताभन्दा पनि कार्यकुशलताको आधारमा मुख्य सचिव नियुक्ति गर्ने संकेत देखिएसंगै मुख्यसचिव पदका दाबेदार सचिवहरूको मूल्यांकन तीव्र बनाइएको छ । अर्यालले उमेरहदका कारण यही असार २६ गते नियमित अवकाशमा जानुहुनेछ । त्यसपछि अहिले भएका सचिवहरुमध्ये को मुख्य सचिव बन्लान् भनेर कर्मचारी वृत्तमा चासो बढेको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/05/776174/**

## अधिकृतसहित दुई जना विरुद्ध भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ओखलढुंगाको चम्पादेवी गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित दुई जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । पलापु खानेपानी लिफ्ट आयोजनाको १८ लाख ५० हजार रुपैयाँ बैंक ग्यारेन्टी रकम हिनामिना गरेको अभियोगमा आयोगले बिहीवार विशेष अदालतमा अभियोगपत्र दायर गरेको हो । मुद्दा दायर गरिएकाहरूमा गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद सुवेदी र शिरीष कन्स्ट्रक्सनका सञ्चालक प्रकाश छिरिङ राई रहेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/05/776176/**

## अन्तर्राष्ट्रिय मामिलामा 'प्राइमरी' नेतृत्व परराष्ट्रले नै गर्नुपर्छ भन्ने प्रधानमन्त्रीको निर्देशन छ : परराष्ट्रमन्त्री खनाल

कान्तिपुरसँगको अन्तर्वार्तामा उनी भन्छन् -सीमाको विषयलाई अतिरञ्जनाको विषय बनाइनुहुन्न । घरेलु राजनीतिक खपतका विषयभन्दा पनि संस्थागत ढंगले काम गर्न सक्यौं भन्ने समाधान हुन्छ। २१ फागुनको निर्वाचनपछि सरकार बनेको सय दिन पूरा भएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/Interview/2026/07/05/the-prime-+m+inister-has-directed-that-the-foreign-ministry-should-take-the-primary-leadership-in-international-affairs-foreign-minister-khanal-47-41.html**

## उर्जा मन्त्रालयले देखायो १०० दिनका ७५ कामको सूची

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सरकार गठनपछिको पहिलो १०० दिनमा विद्युत उत्पादन, प्रसारण पूर्वाधार विस्तार, विद्युत निर्यात, डिजिटल सेवा प्रवाह तथा सिँचाइ पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1969168/ministry-of-energy-completed-75-tasks-in-100-days**

## प्रधानमन्त्री मातहत ल्याइएको गुप्तचरलाई कानुनमा समेटिँदै

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत ल्याइएको गुप्तचरलाई कानुनमा समेटिँदै छ । यसअघि पछिल्लो पटक नेपाल सरकार कार्य विधाजन नियमावली २०८३ मार्फत गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याइएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1969209/the-intelligence-agency-brought-under-the-prime-ministers-control-is-being-incorporated-into-the-law**

## सुशासन र शासकीय सुधारको प्रस्थानविन्दु

सुशासन, शासकीय सुधार, भ्रष्टाचार न्यूनीकरण एवं सम्पत्ति शुद्धीकरणका मुद्दामा अनुसन्धान र राज्य प्रणालीलाई जवाफदेही बनाउने सङ्कल्प कार्यान्वयनतर्फ प्रस्थान गर्दै सरकारको १०० दिन पूरा भएका छन्। सरकारले शासकीय सुधारको १०० बुँदे कार्यसूची एवं सुशासनको मार्गचित्र कार्यान्वयनमा ल्याएर संरचनागत सुधार गरी समग्र रूपान्तरणको दृढ अठोटसाथ सरकारले १०० दिन पूरा गरेको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212804**

## आतंकित लगानीकर्ता

करिब डेढ महिनाअघि नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठले भने, 'विश्वकै धनी इलन मस्कले नेपालमा काम गरेको भए जेल पर्ने थिए ।' सरकारले अनेक आरोपमा विभिन्न उद्योगी व्यवसायीलाई भकाभक पक्राउ गर्न थालेपछि नेपालको निजी क्षेत्रको सबैभन्दा ठूलो संस्था महासंघका अध्यक्षको त्यस्तो अभिव्यक्ति आएको थियो । झण्डै दुई तिहाइको बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीको बलियो सरकार बनेपछि लगानीकर्ताहरु अत्यन्तै उत्साहित बनेका थिए । तर, त्यो उत्साह अत्यन्तै क्षणिक बन्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1968514/panicked-investors**